का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ साउन २०७९,
आइतबार
31 July 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २०, अंक १७६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## करको दर हेरफेर प्रकरण

# प्रश्न उठाउने नै फरक मत राखेर पन्छिए !

करको दर हेरफेर गर्न अनधिकृत व्यक्ति प्रवेश गरे/गराएको भनी उठेको प्रश्नबारे अध्ययन गर्न गठित संसदीय छानविन समितिले प्रतिवेदन दिएको छ । प्रतिवेदन दिए संगै छानविन समिति भंग भयो । तर,छानविन समितिमा रहेर प्रश्न उठाउने पक्ष नै फरक मत राखेर पन्छिएको टिप्पणी निरन्तर चलिरहेको छ ।


११ जनाको समिति बनाउने, ७ जना आफ्ना राख्ने, हुन्छ हुन्न भनेर रिपोर्ट ल्याउने ? यो तथ्यमा आधारित रिपोर्ट होइन, त्यसलाई मान्न सक्ने कुरा हुन्न, नेपाली जनताले अस्वीकार गर्नुपर्छ ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



देशमा सत्ता पक्ष र प्रतिपक्ष छन् भनिन्छ तर मैले प्रतिपक्ष देखिन खोइ कहाँ छ ? अर्थ मन्त्रालयको सीसीटीभी फुटेजसँग एम अधिकारी साटफेर गर्ने प्रतिपक्ष हुन्छ ?

**रवि लामिछाने**
सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

शनिबार धनगढी पुगेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले प्रमुख प्रतिपक्षी दल नेकपा एमालेमाथि एउटा गम्भीर आरोप लगाए । करको दर हेरफेर गर्न अनधिकृत व्यक्ति प्रवेश गरे/गराएको भनी उठेको प्रश्न प्रश्न उठाएको एमाले फरक मत राखेर पन्छिएको उनको टिप्पणी छ। फरक मत राखेर पन्छिन एमालेले अर्थ तथा योजन विभागको सदस्य रहेका एम अधिकारीबारे बढ्ता सोधीखोजी नहोस भन्ने चाहेको देखिने लामिछानेको आशय छ । 'देशमा सत्ता पक्ष र प्रतिपक्ष छन् भनिन्छ तर मैले प्रतिपक्ष देखिन खोइ कहाँ छ ? अर्थ मन्त्रालयको सीसीटीभी फुटेजसँग एम अधिकारी साटफेर गर्ने प्रतिपक्ष हुन्छ ?', लामिछानेले प्रश्न छ ।

एमालेले पनि करको दर हेरफेर प्रकरणमा फरक मत राखेर पन्छिएको अस्वीकार – बाँकी पृष्ठ २ मा

# एसपीपीको च्याप्टर क्लोज

एसपीपीको च्याप्टर क्लोज भएपनि भविष्यमा यस्तै विषय फेरि नआउला भन्न सकिन्न । यसका लागि नेपालले वैदेशिक साहायता स्वीकार गर्ने/नगर्ने भनी न्युनतम शर्तहरु तय गर्नुपर्ने देखिन्छ ।



"एसपीपीको च्याप्टर क्लोज भए पनि भविष्यमा यस्तो द्वन्द्वमा नेपाल कहिल्यै नपर्न आग्रहमुक्त र परिपक्व दृष्टि निर्माण एवं परिपालनामा सबै गम्भीर बन्न आवश्यक छ ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



"एसपीपी एउटा विषय थियो । भविष्यमा यस्तै विषय फेरि नआउला भन्न सकिन्न । धेरै आउन सक्छन् । यसलाई रोक्न नेपालले वैदेशिक साहायता स्वीकार गर्ने/नगर्ने भनी न्युनतम शर्तहरु तय गर्नुपर्ने देखिन्छ ।

**विष्णु दाहाल**
विश्लेषक

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

नेपाल सरकारले अमेरिकी स्टेट पार्टनर सिप प्रोग्राम (एसपीपी) मा सहभागी नहुने पत्र अमेरिकालाई पठाएसँगै यो विषयको च्याप्टर क्लोज भएको छ ।

परराष्ट्रमन्त्री नारायण खड्काका अनुसार नेपाल सरकारले अमेरिकालाई पत्र पठाएर एसपीपीलाई अघि नबढाउने लिखित जानकारी दिएको हो । मन्त्रिपरिषद्को ६ असार २०७९ को बैठकले एसपीपी अघि नबढाउने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा परराष्ट्र मन्त्रालयले ९ साउनमा अमेरिकालाई लिखित जानकारी गराएको हो ।

काठमाडौंस्थित अमेरिकी दूतावासले नेपालले पठाएको पत्र प्राप्त भएको जनाइसकेको छ । 'एसपीपीको सम्बन्धमा नेपाल सरकारबाट आधिकारिक लिखित सन्देश प्राप्त गरेका' उल्लेख गर्दै दुतावासले 'एसपीपीमा नेपाल सरकारको निर्णयलाई बुझ्छौं र पूर्णरूपमा स्वीकार गर्छौं' भनेको छ । यो संगै नेपालमा एसपीपीको च्याप्टर क्लोज भएको हो ।

तर, एसपीपीको च्याप्टर क्लोज भए पनि भविष्यमा यस्तै विषय फेरि नआउला भन्न सकिन्न । यसका लागि नेपालले वैदेशिक साहायता स्वीकार गर्ने/नगर्ने भनी न्युनतम शर्तहरु तय गर्नुपर्ने बताउँछन् राजनीति विश्लेषक विष्णु दाहाल ।

'एसपीपी एउटा विषय थियो । भविष्यमा यस्तै विषय फेरि नआउला भन्न सकिन्न । धेरै आउन सक्छन् । यसलाई रोक्न नेपालले वैदेशिक साहायता स्वीकार गर्ने/नगर्ने भनी न्युनतम शर्तहरु तय गर्नुपर्ने देखिन्छ' दाहालले मध्यान्हसित भने ।

विश्लेषक दाहालले भने जस्तै राजनीतिक वृतमा पनि एसपीपी जस्तै विषय फेरि बसहमा नआउला भनी ठोकुवा गर्न नसकिने बहस छ । यही बसहमा जोडिएर नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सबै मिलेर आग्रहमुक्त र परिपक्व दृष्टि निर्माण एवं परिपालना आवश्यक रहेको बताएका छन् । उनी भन्छन्, एसपीपीको च्याप्टर क्लोज भए पनि भविष्यमा यस्तो द्वन्द्वमा नेपाल कहिल्यै नपर्न आग्रहमुक्त र परिपक्व दृष्टि निर्माण एवं परिपालनामा सबै गम्भीर बन्न आवश्यक छ ।'

## संसदीय समितिका निर्देशन

# ४० प्रतिशत मात्रै कार्यान्वयन

संसदीय व्यवस्थामा संसदीय विषयगत समितिका निर्देशनलाई बाध्यकारी मानिन्छ । तर, निर्देशन नमानेकै कारण कहीं कतै उजुरवाजुर गर्ने, मुद्दा चल्ने वा कार्यान्वयन नगरेका कारणले नै सजायको भागीदार हुनुपर्ने छैन । यही सुविधा प्रयोग गरेर नेपालमा संसदीय विषयगत समितिका निर्देशनलाई अटेर गर्ने प्रवृति मौलाएको पाइएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

संघीय संसद र प्रदेश संसदको चालु कार्यकालमा संघीय संसद अन्तर्गतका विषयगत समितिमा ४० प्रतिशत निर्देशन मात्रै कार्यान्वयनमा भएको पाइएको छ । संसदीय समितिका सचिवहरुबीच भएको छलफलमा यस्तो तथ्याङ्क प्रस्तुत भएको हो ।



संसदीय व्यवस्थामा संसदीय विषयगत समितिका निर्देशनलाई बाध्यकारी मानिन्छ । तर, निर्देशन नमानेकै कारण कहीँ कतै उजुरवाजुर गर्ने, मुद्दा चल्ने वा कार्यान्वयन नगरेका कारणले नै सजायको भागीदार हुनुपर्ने छैन । यही सुविधा प्रयोग गरेर नेपालमा संसदीय विषयगत समितिका निर्देशनलाई अटेर गर्ने प्रवृति मौलाएको संसदीय समितिका सचिवहरुको गूनासो छ । संघ र प्रदेश सरकारहरुले संसदीय समितिका निर्देशनको उपेक्षा गरेको उनीहरुको साझा निष्कर्ष छ ।

प्रदेश १ प्रदेशसभाको अर्थ समितिका सचिव मोहन खड्काका अनुसार विषयगत समितिले बोलाएको बैठकमा मुख्यमन्त्रीहरु नै अनुपस्थित रहन्छन् । समितिमा बोलाउँदा आनाकानी गर्ने प्रवृति मुख्यमन्त्रीहरुमा छ । उसो त संघीय संसद अन्तर्गतको विषयगत समितिले पनि वितेको साढे ४ बर्षमा समितिलाई आफ्नो बैठकमा पाउन सकेनन् । नबोलाएर होइन, बोलाएर पनि प्रधानमन्त्री विषयगत समितिमा नगएका हुन् । यस्तै, प्रवृति प्रदेशका मुख्यमन्त्रीहरुमा देखा परेको समितिका सचिवहरुको भनाई रहेको छ ।

अझ, समिति ठूलो कि मुख्यमन्त्री ? भन्ने बहस गर्ने, समितिका सचिवलाई कतिपय मुख्यमन्त्रीहरुले थर्काउने प्रवृति पनि देखा परेको छ ।

संसदीय समितिका सचिवहरुका अनुसार समिति र सरकारबीचको अन्तरसम्बन्धलाई व्यवस्थित गर्न सरकार चनाखो हुनुपर्ने देखिन्छ । सांसद र समितिहरु चुनावमुखी हुँदा चालु आर्थिक वर्षको बजेटमा समेत प्रि-बजेटको छलफल हुन नसकेको उनीहरुको – बाँकी पृष्ठ २ मा

# साउदीमा ३ सय बढी कामदार पठाउने म्यानपावर संचालकहरुलाई नेपाली दूतावासको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन

साउदी अरबस्थित नेपाली दूतावासले उक्त मुलुकमा रोजगारीका लागि पुगेका नेपाली कामदारको समस्या गहिरिएको भन्दै सुधारका लागि वृहत अन्तरक्रिया गर्ने तयारी गरेको छ ।

हाल करिब ४ लाख नेपाली कामदार कार्यरत रहेको उक्त मुलुकमा साउदी श्रम कानून, रोजगारदाताको असहिष्णु व्यवहार, नेपाली कामदारको अराजक तथा अज्ञानी व्यवहार र केही म्यानपावर कम्पनीको गैरजिम्मेवार व्यवहारले नेपाली कामदार शोषणमा परेको नेपाली दूतावासले बताएको छ ।

नेपाली कामदारको सुरक्षा र सुरक्षित भविष्यका बारेमा आगामी भदौ ३ गते रियादमा वृहत अन्तरक्रिया आयोजना गरिने भन्दै दूतावासले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मुख्य नेतृत्व र उक्त मुलुकमा तीन सय बढी कामदार पठाएका म्यानपावर कम्पनीका सञ्चालकलाई अन्तरक्रियामा भाग लिनका लागि अनिवार्यरूपमा पठाउन पत्र पठाएको छ । – बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# आज पीडित व्यसायीहरु विभागमा भेला हुँदै

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले अन्यायपूर्ण तरिकाले ५० हजार रूपैयाँका दरले जरिवाना गरेको भन्दै असन्तुष्ट म्यानपावर कम्पनीले आइतबार विरोध जनाउने भएका छन् । विभागले साउन ३ र ४ गतेको मितिमा विभिन्न राष्ट्रिय दैनिकमा प्रकाशन गर्न विभागबाट पूर्व स्वीकृतिको अनुमति लिएर विज्ञापन नगरेको भन्दै १ सय ४८ म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार ऐनको दफा ४९ अनुसार ५० हजार रूपैयाँका दरले जरिवाना – बाँकी पृष्ठ २ मा

**बैदेशिक रोजगार व्यवसायी सदस्यज्यूहरुलाई उपस्थितिको लागी अनुरोध**

बैदेशिक रोजगार बिभागबाट बिज्ञापन प्रकाशनको बिषयराखि इजाजतपत्रवाला व्यवसायी संस्थाहरुलाई एकतर्फी रुपमा जरिवाना गर्ने गरि भएका निर्णय लगाएतका व्यवसायीका समस्याका सन्दर्भमा छलफल गरि निष्कर्ष सहित समस्या सामाधान गर्ने/गराउने प्रयोजनका लागी निम्न मिति, समय र स्थानमा सम्पूर्ण व्यवसायी सदस्यज्यूहरुलाई अनिवार्य उपस्थिति भई दिनुहुन अनुरोध गरिन्छ ।

मितिः २०७९ श्रावण १५ गते आईतबार (आजै)
समयः बिहान १०:१५ बजे
स्थानः बैदेशिक रोजगार बिभाग, बुद्धनगर

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg



**मलेसियामा रोजगारको अवसर**

CLAB Construction Labour Exchange Centre Berhad

कम्पनी : CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD

पुर्व स्वीकृत मितिः २०७९/०४/१४ चलानी नं.: ६०१८३९५४ L.T. No.: 268008 शहर : Malaysia

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यसै कम्पनिको लागि Mason, Painter, Steel Fixer, Shuttering Carpenter, Scaffolder हरूको पनि माग भएकोले नि:सुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

Basic Salary 1500 भए पनि ओभर टाईम सहित RM 2062 हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१ र २२ गते (6 & 7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Empower Human Resources Management Pvt. Ltd** Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9860700057, 9819063243, 9818328105, 9814048923

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१५ साउन २०७९, आइतबार
31 July 2022, Sunday

# भगवती वेकरी एण्ड स्वीट्समा छापा

सिरहा डायरी
राजेन्द्र महतो/मध्यान्ह





सिराहाको माँ भगवती वेकरी एण्ड स्वीट्स हाउसमा जिल्ला प्रशासन कार्यलयले छापा मारेको छ।

स्वीट्स हाउसबाट बिक्री गरिएको समोसामा किरा भेटिएको सूचना पाएपछि प्रशासनले छापा मारेको हो । सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीको निर्देशनमा प्रशासकीय अधिकृत नेतृत्वको अनुगमन टोलीले स्वीट्स हाउसमा छापा मारेका थियो । अनुगमनको क्रममा होटलमा आत्याधिक खानेसामग्रीहरु वासी पाइएको प्रशासकीय अधिकृत श्याम राउतले जानकारी दिए ।

अनुगमन टोलीले सरसफाईमा पूर्ण ध्यान दिन होटेलका संचालक गणेश साहलाई निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले बताए ।

यसैबीच गोलबजारका पत्रकार राम भरोसी यादवले किरा परेको समोसा खाँदा आफू बिरामी परेको दाबी गरेका छन्। उनले गत बुधबार दिउँसो नास्ता खाँदा समोसा भित्र किरा फेला परेको थियो । उनका अनुसार होटेलमा सरसफाइको बारेमा पटक-पटक सचेत गराउँदा पनि होटेलका संचालक साहले बेवास्ता गरेको पत्रकार यादवले गुनासो गरे ।

उनले भने,'खाजा खाएको भोलिपल्ट विहानदेखि पखाला लाग्ने, वान्ता आउने र अनुहारसमेत सुनिएको छ, मैले सोही बारेमा जानकारी गराउँदा होटल संचालकले धम्कीपूर्ण शब्दहरु बोले ।'

अन्य सञ्चारकर्मीले होटल सञ्चालकसँग जिज्ञासा राख्दा पनि होटल सञ्चालकले पूर्ववाणिज्य संघका अध्यक्ष संजय महासेठलाई भनेर धम्की दिएको उनले बताए ।

वाणिज्य संघ अध्यक्ष महासेठले चर्को स्वरमा कुरा गर्दै पत्रकार मुकेश यादवलाई 'तिमी हो को ? कहाँबाट बोलेको ? होटेल संचालकलाई किन थ्रेड दिइरहेका छौं ? म वाणिज्य संघको अध्यक्ष बोल्दै छु, तिमी के गर्न सक्छौं, भन्दै धम्की दिएका हुन् ।

यसरी दैनिक रुपमा अत्याधिक मान्छेको भिडभाड हुने होटेलमा किरा भेट्नु मानव स्वास्थ्य जीवन उपर ठाडो खेलवाड भएको पत्रकार महासंघका निवर्तमान केन्द्रीय सदस्य देवकुमार यादवले बताए ।

# बरियारपट्टीका करारका कर्मचारीहरु धर्नामा

राजेन्द्र महतो/मध्यान्ह
सिरहा, १४ साउन



सिरहाको बरियारपट्टी गाउँपालिकामा आएका जनप्रतिनिधिहरु विकास निर्माणको काममा र जनताका समस्याहरु सम्बोधनको काममा खटिनुपर्नेमा शुरुमै करारमा कार्यरत कर्मचारीमाथि खनिएका छन् ।

बिनाकारण र प्रक्रिया नपुऱ्याई कर्मचारीहरुलाई निकाल्ने निर्णयतिर लाग्दा गाउँपालिकाको कामकारबाही प्रभावित हुने त देखिएको छ नै यसले राजनीतिक प्रतिशोधका आधारमा कर्मचारीहरुलाई हटाउने होडबाजीको गलत नजिर बसाउने खतरा छ ।

सिरहाको बरियारपट्टीमा करारका कर्मचारीहरु हप्ता दिनदेखि निरन्तर धर्नामा बसेका छन् । पालिकाले एकै पटक ७२ जना करारका कर्मचारीहरुलाई हटाउने निर्णय गर्दा उनीहरुको बिचल्ली भएको छ ।

म्याद नथपिएका कर्मचारीहरुले विगत ७ दिनदेखि कार्यालयको अगाडि बिहान १० बजेदेखि ५ बजेसम्म शान्तिपूर्ण धर्ना कार्यक्रम जारी राखेका छन् । करारका कर्मचारीहरुलाई हटाउँदा पालिकाको कामकाजहरु समेत प्रभावित भएका छन्।

यदि पुनः म्याद थप तथा काममा नफर्काए चरणबद्ध आन्दोलन गर्ने उनीहरुले निर्णय गरेका छन् । करारका कर्मचारीहरुले आफ्नो म्याद थप गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र जिल्ला प्रशासन कार्यालय सिरहामा समेत ज्ञापन पत्र बुझाएका छन् ।

# काठमाडौंका मुख्य चोकमा फोहोरको थुप्रो

**काठमाडौं/मस–** बाटो मर्मतको कारण साबिकबमोजिम फोहोर व्यवस्थापन हुन नसक्दा काठमाडौंको सडमा फोहोर थुप्रिन थालेका छन् ।

सिसडोलबाट बञ्चरेडाँडासम्म जाने सडक मर्मतको काम पूरा नभएकाले साबिकबमोजिम फोहोर व्यवस्थापन हुन नसक्दा काठमाडौंको मुख्य चोकमा फोहोर थुप्रिन थालेको हो । मुख्यगरी अनामनगर, कलङ्की, कालीमाटी, बल्खुलगायतका स्थानमा फोहोर थुप्रिन थालेको छ ।

यही असार ४ गते काठमाडौं महानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै सडक मर्मतको काम गर्नुपर्ने भएकाले एक हप्ताका लागि घरबाहिर फोहोर ननिकाल्न आग्रह गरेको थियो ।

एक हप्ताको समयमा पनि सडक मर्मतको काम पूरा नभएपछि सबै सवार ीसाधन चलाउन कठिन भएकाले फोहोर व्यवस्थापनमा समस्या भएको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए । उक्त बाटो मर्मतको काम सम्पन्न गर्न अझै समय लाग्ने भएकाले कही दिन सबै स्थानको फोहोर व्यवस्थापन गर्न कठिन हुने उनको भनाइ छ ।

त्यसैगरी बञ्चरेडाँडाका स्थानीयले सम्झौताअनुसार काम नभएको भन्दै आगामी भदौ १ गतेदेखि फोहोर व्यवस्थापन गर्न नदिने चेतावनी दिएका छन् । समयमा नै सडक मर्मतको काम नगरेको, फोहोर बोक्ने गाडीमा (लिचड ट्याङ्की) फोहोरको लेदो रहने भाँडो व्यवस्था नगरिएको, स्थानीयको स्वास्थ्य बीमा, शिक्षाको ग्यारेन्टी जस्ता विषयबारे बेवास्ता गरिएको भन्दै स्थानीयवासीले फोहोर व्यवस्थापन गर्न नदिने चेतावनी दिएका छन् ।

कामपाले बञ्चरेडाँडाका स्थानीयको माग सम्बोधनको चरणका रहेको जनाउँदै उपत्यकाको कुहिने फोहोर यही व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम गरिरहेको जानकारी दिएको छ । त्यसका लागि उपत्यकाको अन्य नगरपालिकासँगको सहकार्यमा जग्गा पहिचानको काम भइरहेको बताइएको छ ।

यसअघि हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहोर सिसडोलमा व्यवस्थापन गरिँदै आएको थियो । सबैभन्दा बढी कामपामा पाँच सय मेट्रिक टन फोहोर निस्कने गर्दछ । उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहोरमध्ये करिब ७५ प्रतिशत उक्त स्थानमा व्यवस्थापन गरिँदै आएको थियो ।

# आयल निगमलाई निजीकरण गरिँदैन : मन्त्री बडू



काठमाडौं/मस- उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले पेट्रोलिमय पदार्थ आयातको एकाधिकार पाएको नेपाल आयल निगमलाई निजीकरण नगरिने दोहोऱ्याएका छन् ।

शनिबार आयोजित नेपाल एलपी ग्यास उद्योग संघको २७ औं वार्षिक साधारणसभामा उनले भने, 'निगमले निजी क्षेत्रको सहयोगमा नै नेपालमा पेट्रोलियम पदार्थको आपूर्ति गरिरहको छ, निगमलाई निजीकरण गरिँदैन ।'

सरकारले जनताप्रतिको दायित्व र जिम्मेवारीवोध गरेर पेट्रोलियम पदार्थमा लगाइँदै आइएको कर घटाइएको जनाउँदै उनले निगमको सञ्चित नोक्सानी कम गर्न अनावश्यक खर्च कटौतीका साथै निगममा सुधारको खाँचो औंल्याए ।

निजी क्षेत्रले भोग्दै आएको समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री बडूले आफू समस्याको नीतिगत, पद्धतिगत र दीर्घकालीन समाधान खोज्न लागिपरेको बताए । 'निजी क्षेत्रले व्यहोर्नुपरेको समस्या स्थायीरूपमा समाधान हुन्छन्, सरकारले त्यसतर्फ पहल गरिरहेको छ ।'

कार्यक्रममा नेपाल उद्योग परिसंघका कावा अध्यक्ष कृष्ण अधिकारीले सरकारी नीतिका कारण निजी क्षेत्र पलायन हुनुपर्ने अवस्थामा पुगेको भन्दै उद्योगमैत्री, राष्ट्रिय उत्पादनमैत्री नीति ल्याउन आग्रह गरे । निजी क्षेत्रमैत्री नीति ल्याए मात्र लगानी बढ्ने उनको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष दिनेश श्रेष्ठले आर्थिक समृद्धिको आधार निजी क्षेत्र भएको यथार्थलाई स्वीकार गर्दै सरकारले निजी क्षेत्रलाई सहयोग गर्नुपर्ने बताए । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले नेपाल आयल निगमले पेट्रोलिमय पदार्थको खरिद मूल्य घट्दासमेत बिक्री मूल्य समायोजन नगरेकाले निगम जनताप्रति उत्तरदायी नरहेको पुष्टि भएको बताए ।

संघका पूर्वअध्यक्ष गोकुल भण्डारीले पेट्रोलियम पदार्थको खपत घटाउने सरकारको नीति भए पनि पेट्रोलियम पदार्थको आयातमा निजी क्षेत्रलाई ल्याउने विषय विरोधाभास भएको बताए । उनले भने, 'पेट्रोलिमयको सट्टा विद्युत्को खपत बढाउने नीति सरकारको हो भने पेट्रोलियम पदार्थको आयातमा फेरि निजी क्षेत्र किन चाहियो ?'। संघका कार्यवहाक अध्यक्ष शंकर श्रेष्ठले ग्यास उद्योगीले लामो समयदेखि राखेका विषयलाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने बताए ।

# भन्सार कार्यालयको गोदाम्मै सड्न थाल्यो चिनी

रामकरन हरिजन/मध्यान्ह
नवलपरासी, १४ साउन



महेशपुर भन्सार कार्यालयको गोदाममा चिनी सड्न थालेको छ। खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय बेलहियाले चिनी प्याक गर्ने बोराको मापदण्ड नपुगेको भन्दा चिनी गोदाममै थन्किएपछि यस्तो समस्या देखिएको हो ।

महेशपुर भन्सार कार्यालयका अनुसार फरक-फरक समयमा बरामद गरेको चिनी लिलाम गर्नुपर्ने भएपनि गुणस्तर प्रमाणीकरण कार्यालयले चिनीको गुणस्तर राम्रो भएपनि बोराको मापदण्ड (लेवल) नपुगेको भन्दै फर्काउने गरेको छ।

महेशपुर भन्सार कार्यालयका प्रमुख रामप्रसाद अर्यालका अनुसार ४३ लाख ५५ हजार ६ सय रुपैयाँ बराबरको ६९ क्विन्टल ४ सय ५० किलो चिनी जिल्लाको कावासोती, गैडाकोट, बर्दघाट, दुम्किबास र पश्चिम नवलपरासीका विभिन्न सिमाक्षेत्र लगायतका स्थानहरुबाट बरामद गरिएको थियो ।

सरकारको खाद्य नियमावली अनुसार चिनीको कोराको लेबल नपुगेपछि चिनी लिलाम गर्न समस्या भएको खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय बेलहियाका प्रमुख दिपक कुँवरले मध्यान्हलाई जानकारी दिए ।

# 'इन्जा खोजी पत्रकारिता' पुरस्कार बुढाथोकीलाई




**काठमाडौं/मस–**नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय सञ्जाल (इन्जा)ले यस वर्षको उत्कृष्ट 'इन्जा खोजी पत्रकारिता' पुरस्कार वरिष्ठ पत्रकार गजेन्द्र बुढाथोकीलाई प्रदान गरेको छ ।

अन्तर्राष्ट्रिय कम्पनी कोकाकोलाले नेपालमा कर छली गरेको विषयलाई पत्रकारिताको माध्यमबाट सूचना सम्प्रेषण गरी राज्यलाई सात अर्ब रुपैयाँ राजस्व असुल गर्न सहयोगी भूमिका निर्वाह गरेका पत्रकार बुढाथोकीलाई सो सम्मान प्रदान गरिएको हो ।

काठमाडौंमा शनिबार आयोजित इन्जाको पाँचौं वार्षिकोत्सव समारोहमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नगद एक लाख रुपैयाँ र सम्मानपत्रद्वारा पत्रकार बुढाथोकीलाई सम्मान गरेका हुन् । त्यसैगरी मन्त्री कार्कीले 'इन्जा ग्रामीण पत्रकारिता' पुरस्कार पत्रकारद्वय दीपा कर्ण र सरोज ढुङ्गानालाई, 'इन्जा बौद्धिक पत्रकारिता' पुरस्कार उपप्राध्यापक देवराज अर्याल र वरिष्ठ पत्रकार कपिल काफ्लेलाई जनही ५० हजार नगद र कदरपत्र प्रदान गरी सम्मान गरेका थिए । यस्तै मन्त्री कार्कीले वरिष्ठ पत्रकारद्वय हरि लम्साल र गोपालचन्द्र शर्मा तथा सञ्चारिका समूहकी निवर्तमान अध्यक्ष नीतु पण्डितलाई पनि कदरपत्रद्वारा सम्मान गरे ।

टक्सार मासिकका प्रधानसम्पादक बुढाथोकीलगायतका पत्रकारहरुलाई सम्मान गर्दै मन्त्री कार्कीले इन्जाले गाह्रो, साह्रो र अप्ठेरोमा परेका पत्रकारलाई सम्मान गर्ने परम्पराको सुरुवात गरेकामा खुसी व्यक्त गरे ।

उनले नेपाली पत्रकारिता आवाजविहीनहरुको आवाजलाई बाहिर ल्याउने सशक्त माध्यम बन्नुपर्नेमा जोड दिए ।

इन्जा संसारभर छरिएर रहेका नेपाली भाषी पत्रकारहरुले स्थापना गरेको संस्था हो । इन्जाको प्रधान कार्यालय अमेरिकामा छ ।

## करको ...

गरेको छैन। बरु त्यही फरकमतमा टेकेर थप राजनीति गर्न खोजेको छ । प्रतिवेदनमा सरक्क फरक मत राखेर अगाडि बढेको एमालेका नेताहरु सार्वजनिक रुपमा भने छानबिन समिति माथि नै प्रश्न उठाइरहेका छन् ।

शनिबार राष्ट्रिय युवा संघले राजधानीमा गरेको कार्य क्रममा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जनार्दन शर्मामाथि छानबिन गर्न गठित संसदीय विशेष समितिको प्रतिवेदनलाई मान्न नसकिने बताए। एमालेले प्रतिवेदन नमान्ने भए प्रतिवेदन पेश हुँदै गर्दा चुपो लागेर किन बस्यो ? नागरिक स्तरमा प्रश्न छ। प्रतिवेदन नमान्ने भन्ने अभिव्यक्तिमा ओलीले बहुमत र अल्पमतको आधारमा निर्णय भएको भनेका छ । नेपालले अवम्बन गरेको शासन व्यवस्था र संसदीय अभ्यासमा संसदीय समितिले अल्पमत बहुमतमा निर्णय गर्न सक्छ ।

ओलीले सत्तारुढ गठबन्धनको बहुमत हुने गरी संसदीय समिति बनाइएको टिप्पणी समिति नै भंग भएपछि गरेका छन्। उनले भनेका छन्, '११ जनाको समिति बनाउने, ७ जना आफ्ना राख्ने, हुन्छ हुन्न भनेर रिपोर्ट ल्याउने ? यो तथ्यमा आधारित रिपोर्ट होइन, त्यसलाई मान्न सक्ने कुरा हुन्न, नेपाली जनताले अस्वीकार गर्नुपर्छ ।'

करको दर हेरफेरमा अनधिकृत व्यक्तिको प्रवेश भएको भनी उठेको प्रश्नबारे छानबिन गर्न गठित ११ सदस्यीय संसदीय समितिमा एमालेका ४ जना र बाँकी नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका सांसदहरु थिए ।

## संसदीय...

भनाई रहेको छ। कर्णाली प्रदेशसभा अन्तर्गतको सामाजिक विकास समितिका सचिव राजेन्द्र पौडेलका अनुसार संसदीय समितिले हिंसा पीडित महिलाहरुको लागि सेफ हाउसको व्यवस्थाका बारेमा अनुगमन गर्दा जाजरकोट लगायतका जिल्लामा प्रभावकारी कार्यान्वयन नभएको पाइएको छ। कतिपय ठाउँमा समितिले दिएका निर्देशन पालना गर्नका लागि पनि बजेट अभावको समस्या रहेको उनको अनुभव रहेको छ।

संघीय संसदको प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिका सचिव एकराम गिरी सरकारले सामाजिक एव सांस्कृतिक विकासको पक्षलाई कम प्राथमिकतामा राखेको अनुभूत हुने बताउँछन् । यस्ता बजेटमा सुनिश्चितता हुने हो भने समितिको गतिशिलतामा पनि थप वृद्धि हुनसक्ने उनको विश्वास छ।

## साउदीमा ...

साउदी अरबको रोजगारलाई पीडित र शोषणमुक्त बनाउन नीतिगत, संरचनागत, प्रक्रियागत, व्यवहारगत र प्रविधिगत सुधार, अन्तरनिकाय सम्बन्ध र व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने दूतावासको भनाइ छ।

नेपाली कामदार कार्यरत रहेको साउदी अरबमा केही नेपाली व्यापार र सेवा क्षेत्रमा भएपनि अधिकांश नेपाली कम तलब र जोखिमपूर्ण मानिने निर्माण क्षेत्रमा कार्यरत रहेका छन् ।

पछिल्लो अवस्थामा वैदेशिक रोजगारीको सिलसिलामा म्यानपावर र एजेन्टको झुटो आश्वासनमा परी नेपालीहरु साउदी अरबमा जाने, तर त्यहाँ गएपछि म्यानपावर तथा एजेन्टद्वारा भनिए अनुसारका काम, तलब र अन्य सुविधाहरु नपाउने, विदेश जाँदा चर्को ब्याजमा ऋण लिएर गएको र थोरै तलबमा सन्तुष्ट नहुने, धेरै तलबको प्रलोभनमा पर्ने, अकामा बनाउन समय लाग्ने, नेपाल फर्किन चाहे पनि सहजै नेपाल फर्किन नपाउने, कम्पनी, म्यानपावर, एजेन्ट, वैदेशिक रोजगार, सबैतिर आफ्नो कुरा राखे पनि सुनुवाइ नहुँदा नेपाल फर्कन नसक्ने अवस्थामा केही नेपालीहरु भागेर अलपत्र पर्ने समस्या रहेको कामदारहरूले बताउने गरेका छन्।

तलब नपाउने र अकामा नबन्ने समस्या परेपछि कम्पनी वा नेपाल सरकारबाट सहयोग पाउन कठिन र लामो समय लाग्ने भएकाले कम्पनी छोडेर भाग्ने समस्या साउदीको गम्भीर समस्या रहेको कतिपयको भनाइ छ । यस्तै मलेसियाको रोजगारी खुलेको र तलब पनि बढेका कारण बहानाबाजी गरेर नेपाल फर्काउन कामदारहरुले दबाब दिने प्रवृत्ति पनि उत्तिकै रहेको व्यवसायीहरूको भनाइ छ।

साउदी अरबले 'साउदी टाईजेशन' अर्थात रोजगारी, व्यापार र सेवामूलक क्षेत्रको काममा स्थानीय साउदी नागरिकलाई प्राथमिकता दिने र आप्रवासी कामदारलाई भिसामा तोकिए बाहेकको काममा सीमित गराउन थालेको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

## आज...

गरिएको सार्वजनिक गरेको थियो। व्यवसायीहरूले नियतवश नभई प्राविधिक कारणले विज्ञापन प्रकाशित गराउन छुटेको भन्दै एक पटकलाई सचेतसम्मको कारबाहीको माग गरेपनि विभागले जरिवाना नै गरेर कोरोना भाइरसको लामो संक्रमणपछि भर्खरै व्यवसाय शुरू गरेका आफुहरूलाई अन्याय गरेको टिप्पणी गरेका छन् ।

विभागमा खटिएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समस्या सहजीकरण प्रतिनिधि कर्णराज कटुवालले आइतबार ११ बजे व्यवसायीहरु बुद्धनगरस्थित विभागको कार्यालयमा भेला भई विरोध जनाउने बताए ।

व्यवसायीहरूले साउन ३ गते शुक्रबार पूर्व स्वीकृतिको पत्र राति ९ बजे मात्र पाएका कारणले भोलिपल्ट शनिबार विज्ञापन प्रकाशित गर्न नपाएको बताएका छन् । 'व्यवसायीले आइतबार विज्ञापन प्रकाशित गरेर विभागको अनलाइन प्रणालीमा अपलोड गरेका छन्,' कटुवालले भने, 'विभागले सानातिनो त्रुटीलाई सच्याउने पर्याप्त ठाउँ रहँदा रहँदै व्यवसायीलाई प्राकृतिक न्यायको सिद्धान्त अनुसार आफ्नो तर्फबाट सफाइ पेश गर्ने मौका समेत नदिएर हतारहतार गम्भीर अपराधी सरहको कारबाही गरेको अनुभुति व्यवसायीलाई भएको छ ।'

सामान्यतया विभागको कामकारबाही महानिर्देशकको निर्णय अन्तिम मानिन्छ । तर प्रशासनिक कारबाही विधि र स्वच्छ सुनुवाइको मान्यता विपरीत भए श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीले महानिर्देशकको निर्णय उल्टाउन सक्छन् । यसअघि एसओएस म्यानपावर सर्भिसेज प्रा.लि.माथि तत्कालीन महानिर्देशकले गरेको निर्णय श्रममन्त्रीले उल्टाएका थिए।

# एसिड पीडितलाई निःशुल्क उपचार

**काठमाडौं/मस–** सरकारले एसिड आक्रमणमा परेका पीडितलाई निःशुल्क उपचार सेवा प्रदान गर्ने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज, वीर अस्पताल, पाटन अस्पताल र कीर्तिपुर अस्पतालमा एसिड आक्रमणमा परेकालाई निःशुल्क उपचार सेवा उपलब्ध हुने जानकारी दिए ।

पीडितले आकस्मिक उपचारका लागि देशको कुनै पनि स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार लिनसक्ने व्यवस्थासमेत गरिएको छ । सरकारले एसिड आक्रमणमा परेका पीडितको उपचारसम्बन्धी कार्यविधि २०७८ पारित गरेको छ ।

**सर्टिफिकेट हरायो**

लक्ष्मण उपाध्याय घिमिरेको रोल नं.११२, टि.यु. रजिस्ट्रेसन नं. २९३८८-८९ भएको २०५६ साल मा एल.एल.बि. उतिर्ण गरेको ओरिजिनल सर्टिफिकेट मिति २०७९/२/२९ गते छाउनीबाट हराएको हुँदा पाउनुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध

**कतारमा रोजगार**

कम्पनी: SOUQ AL BALADI TRADING W.I.I.
शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/१४ | चलानी नं.: ६०१८३९९६ | LT. No.: 268023

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Driver | 105 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५८,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 23 | 0 | | 1500 | ५२,००५ | | | | | | | |
| 3. | Cashier | 35 | 0 | | 1500 | ५२,००५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1519/074/075

Paragon H.R. Management Pvt. Ltd.
Tokha-5, Basundhara, Kathmandu, Mob.: 9813000522 | Tel: 01-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: paragohrmanagement.com

# ‘सरकार कमिसन र घुसखोरीमा लिप्त बन्यो’

**काठमाडौं/मस–** नेकपा एमालेका उप-महासचिव प्रदिप ज्ञवालीले वर्तमान सरकार कमिसन र घुसखोरीमा लिप्त बनेको आरोप लगाएका छन् ।

काठमाडौंको जोरपाटीस्थित ड्रिम हाउस इन्टरनेशनलमा एमाले वाग्मती प्रदेश सम्पर्क कमिटीले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा उनले मुलुकमा विकास निर्माणका काम सबै ठप्प बनाएर सरकार कमिसनको खेलमा लागेको दाबी गरे ।

नागरिकको सुरक्षा गर्नेतर्फ सरकार उदासीन रहेको भन्दै उनले जनतालाई दुःख दिनका लागि महँगी बढाएको आरोपसमेत लगाए ।



कुन पार्टीको सरकारले जनताको हितमा काम गरेको छ भन्ने कुरा जनताले सहजै पत्ता लगाउन सक्ने भएकाले आगामी निर्वाचनमा त्यसको छिनाफानो जनताले गर्ने बताए । आगामी संघ र प्रदेशको चुनावमा एमालेको जीतलाई कसैले रोक्न नसक्ने उप-महासचिव ज्ञवालीको भनाइ थियो ।

नेकपा एमाले वाग्मती प्रदेश सम्पर्क कमिटीका इन्जार्ज तथा पूर्वमन्त्री लालबाबु पण्डितले एमालेमा धेरै राम्रा र इमान्दार नेता कार्यकर्ता भएकै कारण पार्टीप्रति जनताको आशा अपेक्षा ठुलो भएको बताए ।

कुनै नेता कार्यकर्ताबाट केही गल्ती गरे त्यस्ता नेता कायकर्तालाई तत्काल कारबाही गरी पार्टीलाई राम्रो बनाउने तर्फ सधैंभरी आफ्नो ध्यान केन्द्रित हुने उनको भनाइ थियो ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य माधव ढुङ्गेलले वर्तमान सरकार काममा भन्दा पनि दाम लिनमा खप्पिस देखिएको दाबी गरेका थिए । नेकपा एमाले बाग्मती प्रदेश सम्पर्क कमिटीका अध्यक्ष अशोक कुमार ठकुरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा विभिन्न विभागमा रहेकाहरुले शपथ ग्रहण गरेका थिए ।

# प्रेम प्रकाश मल्लको ८७ औं जन्मजयन्ती मनाइयो



**पवन जायसवाल/मध्यान्ह**
बाँके, १४ साउन

सुप्रसिद्ध गायक, संगीतकार तथा साहित्यकार प्रेमप्रकाश मल्ल 'महेन्द्र मधुकर' को ८७ औं जन्मजयन्ती एक साहित्यिक कार्यक्रमकाबीच मनाइएको छ ।

भेरी साहित्य समाज केन्द्रीय समितिद्वारा मल्लको ८७ औं जन्मजयन्ती शनिबार “प्रेम प्रकाश मल्ल “महेन्द्र मधुकर” पुरस्कार अर्पण तथा स्रष्टा सम्मान” कार्यक्रमको आयोजना गरी मनाइएको हो ।

रुकुम जिल्लाको मुसीकोट, सेरिगाउँमा जन्मिएका मल्ल वि.सं. २०७२ साल वैशाख ११ गते विनासकारी महाभूकम्पको पूर्वसन्ध्याको दिनमा निधन भएको थियो ।

जेष्ठ छोरी/जुवाई वाणीश्री मल्ल, बखतबहादुर मल्ल र भेरी साहित्य समाजद्वारा स्थापित प्रेम प्रकाश मल्ल स्मृति कोषबाट हरेक वर्ष सम्मानसहित नगद पुरस्कार वितरण गर्ने क्रममा बाँकेका निवासी वरिष्ठ कथाकार तथा नेपाल प्रज्ञा प्रष्ठिानका पूर्वसदस्य सचिव सनतकुमार रेग्मीलाई नगद रकम ५० हजार १ सय ११ रुपैयाँसहित पुरस्कार र सम्मानपत्र प्रदान गरिएको छ ।

प्रमुख अतिथि नेपालगञ्ज उप-महानगरपालिका नगरप्रमुख प्रशान्त विष्ट पानसमा दीप प्रज्वलन गरी उद्घाटन तथा पुरस्कार प्रदान गर्दै नेपालगञ्ज उपमहानगरपालिकाले कला साहित्य र संस्कृतिको विकासको लागि भेरी साहित्य समाजलाई सहयोग र सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

उनले सनत कुमार रेग्मीलाई दोसल्ला ओढाएर, सम्मान-पत्र र पुरस्कार रकम हस्तान्तरण गरे । उक्त पुरस्कारकाका लागि भेरी साहित्य समाज केन्द्रीय समितिका सल्लाहकार पूर्ण लाल चुकेको संयोजकत्वमा महासचिव लेक प्रसाद प्याकुरेल र मीना बराल सदस्य रहेको 'प्रतिभा छनौट समिति' गठन गरिएको थियो ।

वि.सं. २०७३ सालदेखि भेरी साहित्य समाज केन्द्रीय समितिले हरेक वर्ष उक्त पुरस्कार वितरण गर्दै आइरहेको छ । यसअघि उक्त पुरस्कार डा.गोपाल प्रसाद अधिकारी, पूर्णलाल चुके, अब्दुल लतीफ शौक, डा.जीवेन्द्र देव गिरी, महेश विक्रम शाह र श्यामानन्द सिंह, कमल वि.क. निर्मोहीलाई प्रदान गरिएको थियो ।

प्रेमप्रकाश मधुकर छोटो जीवनी लामो कहानी (लघुकाव्य), एउटा त्यो अजेय शिखर (लघुकाव्य), अनुभूतीका स्वरहरु (गीत-गजल-लघु कविता सङ्ग्रह), सजल (गजल सङग्रह), गाउँदा गाउँदै (कविता सङ्ग्रह), “उनी” रोदन गीति गाथा लगायत दर्जन बढी कृतिहरु प्रकाशित छन् भने रेडियो नेपालमा थुप्रै गीतहरु रेकर्ड र प्रशारण हुने गरेका छन् ।

समाजका केन्द्रीय अध्यक्ष हरि प्रसाद तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न स्व. प्रेमप्रकाश मल्लका बारेमा भेरी साहित्य समाज केन्द्रीय समितिका सल्लाहकार पूर्ण लाल चुके, प्रभात सुवेदी, सर्वदा साहित्य संगमका अध्यक्ष खगेन्द्र गिरी कोपिला, विशिष्ट अतिथि वरिष्ठ लेखक नरेन्द्र जंग पिटर, समाजका सल्लाहकार तथा कोषका संस्थापक वाणीश्री मल्लले बोलेका थिए ।

भेरी साहित्य समाज केन्द्रीय समितिका महासचिव लेक प्रसाद प्याकुरेलद्वारा सञ्चालित कार्यक्रममा भेरी साहित्य समाज बाँकेका अध्यक्ष बेदराज प्याकुरेल स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

सम्मानित व्यक्तित्व सनत कुमार रेग्मीले प्रेम प्रकाश मल्लको बारेमा चर्चा गरेका थिए । साथै नेपालगञ्जका साहित्यिक क्षेत्रमा योगदान पुऱ्याए वापत उर्दू साहित्यकार सैययद असफाक रसूल हाशमी, कलाकारिता क्षेत्रमा योगदान पुऱ्याए बापत राज विक्रमचन्द बिक्रम शिशिरलाई दोसल्ला ओढाई सम्मान-पत्रप्रदान गरी सम्मानित गरिएको थियो ।

सम्मानित व्यक्तित्व सनतकमार रेग्मी, सैयद असफाक रसूल हाशमी र विक्रम शिशिरको सम्मान-पत्र बालकृष्ण शर्मा, फडिन्द्र आचार्य, लेक प्रसाद प्याकुरेलले सम्मान पत्रमा लेखेको पढेर सुनाएका थिए ।

यसरी उक्त कार्यक्रममा प्रभात सुवेदी, महेन्द्र सेडाई, स्वर्णिम जीवराज बम, आदिल सर्वर नेपाली, चरित्रा शाह,चन्द्रावति अधिकारी, भिम प्रज्वल, हिरालाल शर्मा, विक्रम शिशिर, भारत लखनऊका रुबरु फाउण्डेशन इन्डियाका अध्यक्ष इरसाद राही, वर्षा दिक्षित लगायतले आ-आफ्ना रचना वाचन गरेका थिए ।

सो कार्यक्रममा उर्दू साहित्यकार जमील हाशमी, प्रियँका वैश्य, रामचन्द्र आचार्य, एल शर्मा, रिचा लुईटेल, पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरका निवर्तमान अध्यक्ष महानन्द ढकाल, अध्यक्ष कपिल अञ्जान, पंकजकुमार श्रेष्ठ, वि.पी अस्तु, खड्ग बहादुर बोहरा, पुष्पमणि प्रधान, कोषका संस्थापक बखत बहादुर मल्ल, समाजका सल्लाहकार तथा अवधी साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष बिष्णुलाल कुम्हार, सुन्दर गुरुङ, महेन्द्र बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख डा. इन्द्र बहादु भण्डारी इन्द्रेणी, जगदीश ढकाल, शिक्षाविद् किरण आचार्य, मोहम्मद मुस्तफा अहशन कुरैशी, आरके देवकोटा, हिमाल पौडेल, सुवोध वर्मा, सुमित्रा न्यौपाने, जित बहादुर शाह, शिवशंकर रोका क्षेत्री, नारायण ज्ञवाली, तिला पाण्डे, नवराज भट्ट लगायतको सहभागिता रहेको थियो ।

## प्रवास डायरी ▶ तिलु शर्मा पौडेल/मध्यान्ह

# बाँके सेवा समाज कतारको नेतृत्वमा खड्का निर्विरोध

बाँके सेवा समाज कतारको दोस्रो अधिवेशन सम्पन्न भएको छ ।

समाजका अध्यक्ष राजकुमार खत्रीको सभापतित्व तथा एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदाको प्रमुख आतिथ्यतमा सम्पन्न अधिवेशनले डी.बी. खड्काको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ ।



नव निर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्षमा नवराज शाही, द्वितीय उपाध्यक्षमा बुद्धि नेपाली, महासचिवमा गोविन्द जंग शाही, सचिवमा जे.बि. रावल, कोषाध्यक्षमा अनिता के.सी. सह-कोषाध्यक्षमा प्रेम बहादुर खत्री चयान भएका छन् ।

यस्तै सदस्यहरूमा नसिर अहमद, रितु काली थापा, ज्ञानु बि.सी. र दामोदर शाही रहेका छन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मुसलमानले रोजगारी वा अन्य कुनै प्रयोजनले कतारमा रहेका व्यक्तिले कुनैपनि समस्या भोग्न नपर्ने बताए ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्था प्रमुख तथा प्रतिनिधिले शुभकामना मन्तव्य राखेका थिए । अधिवेशनमा कोषाध्यक्ष भक्त बहादुर ओलीले आयव्यय तथा महासचिव दीपक चन्दले कार्यप्रगति विवरण पेश गरेका थिए । उनले सामाजिक तथा मानवीय सहयोग कार्यक्रम अन्तर्गत बाँकेको बैजनाथ गाउँपालिकामा करेन्ट लागेर अपाङ्ग बन्न पुगेका बुद्धिमान कुँवरलाई आर्थिक सहयोग गरिएको, जिल्लामा बाढी पहिरोले क्षति पुऱ्याएको स्थानमा राहत वितरण गरिएको जानकारी दिए । साथै उनले कोहलपुर नगरपालिका निवासी मृगौला पीडित हस्त बहादुर शाहीलाई आर्थिक सहयोग गरिएको सोत जानकारी दिए ।

अधिवेशनमा रितुकाली थापा, भुवन परियार, ज्ञानेन्द्र विसी, दामोदर शाही लगायतका कलाकार हरूले आफ्नो सांगितिक प्रस्तुती दिएका थिए ।

चन्दले सहजिकरण गरेको अधिवेशनको समापन गर्दै सभापति खत्रीले समाजले भर्खरै पाईला चाल्दै गरेको अवस्थामा आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए । बाँके सेवा समाज कतारको सन २०१६ मा स्थापना भएको हो ।

# एनआरएनए कतारको दोस्रो परिषद् भेला सम्पन्न

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको दोस्रो परिषद् (वार्षिक) भेला सम्पन्न भएको छ । संघको विधान बमोजिम २०२१-२०२३ कार्यकालको दोस्रो परिषद् भेला प्रत्यक्ष र भर्चुअल जुम अनलाइनमार्फत सम्पन्न भएको हो ।

नेपाली राजदूतावासको सभा हलबाट प्रत्यक्षरूपमा सञ्चालित भेला संघका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

भेलामा पछिल्लो एक वर्षका विभिन्न गतिविधिहरू विभिन्न समितिका संयोजकहरूले पेश गरेका थिए ।

भेलामा बोल्दै प्रमुख अतिथि ढकालले नेपालीहरू कतारमा आफ्नो दुखले मात्र नभई कतारको आवश्यकताले आउन सम्भव भएको बताए । उनले कतारका सबै संघसंस्थालाई आफ्नो वार्षिक क्यालेन्डर एनआरएनएमा बुझाउन र सोही अनुरूप कार्यक्रम नजुधाई क्यालेन्डर बनाउन संघलाई आग्रह गरे । उनले नियोगले सबैलाई समान व्यवहार गर्ने बताउँदै कागजमा आफ्नो हस्ताक्षर चलेपनि कतारमा रहेका सबै नेपाली आफैमा राजदूत रहेको बताए । ढकालले कतारमा वल्डकप नजिकिएको हुँदा नेपाल र नेपालीले कतारलाई सक्दो सहयोग गर्नं पर्ने बताउँदै आ-आफ्नो ठाउँबाट सहयोग गर्न आग्रह गरे ।

कार्यक्रममा ८८ जनालाई खाद्यान्न, ७ जनालाई हवाई टिकट, बोन म्यारो रोगबाट पीडित मेहदी हसनलाई नगद सहयोग र कतारमा मृत्यु भई शव नेपाल पठाउन आर्थिक अभावमा रोकिएको दाङका एक व्यक्तिलाई ५०० रियाल सहयोग गरिएको विवरण संघका द्वितीय उपाध्यक्ष तथा सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण विभागका संयोजक प्रेम चलाउनेले पेश गरेका थिए । भेलामा संघमा कुल ४ लाख ७५ हजार ८ य १५ रियाल बचत रहेको आयव्यय विवरण कोषाध्यक्ष विनोद बर्सौलाले पेश गरेका थिए भने विभिन्न राष्ट्रिय पर्वहरू एकसाथ मनाइएको, कतार च्यारीटीबाट नेपाली समुदायको लागि प्राप्त स्यानिटाइजर २० हजार ४ सय बोतल, ८१० प्याकेट ईफ्तारी (खाना) वितरण गरिएको विवरण संघ संस्था विभाग संयोजक जैवी चाम्लिङ राईले पेस गरेका थिए ।

एक वर्षको कार्यप्रगति विवरण पेशसहित कार्यक्रमको सहजीकरण महासचिव पदम गिरीले गरेका थिए । भेलामा पेश भएका कार्यपत्र र आर्थिक विवरण परिषद् भेलाले पास गरेको थियो ।

भेलामा नियोगका द्वितीय सचिव प्रवीण भट्टराई, एनआरएनए आइसिसीका उपाध्यक्षद्वय नरेन्द्र भाट र आरके शर्मा, युवा उपाध्यक्ष राज रेग्मी, सचिव प्रवीण गुरुङ, मध्यपूर्व संयोजक मनोज कुमार श्रेष्ठ (गोर्खाली) सहसंयोजक केबी हमाल, महिला संयोजक सरिता पौडेल भण्डारी लगायत विभिन्न तह र तप्काका पदाधिकारीहरूको विशिष्ट आतिथ्यता रहेको थियो ।

भेलामा आइसिसीका विभिन्न पदाधिकारीहरू, कतारमा स्थापित विभिन्न प्रदेश प्रमुख तथा प्रतिनिधिहरुले शुभकामना मन्तव्य राखेका थिए । जैवी चाम्लिङ राईको शुभकामना मन्तव्य रहेको कार्यक्रमको समापन गर्दै सभापति मुसलमानले भेलामा पेश भएका सबै विवरण पास गर्ने परिषद् सदस्यहरूलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# नेपाल बाथरोगमैत्री समाजको नयाँ कार्यसमिति गठन



**ललितपुर/मस–** बाथरोग निवारण तथा सचेतना अभिवृद्धिका लागि काम गर्दै आएको ‘नेपाल बाथरोग मैत्री समाज’को ११औं वार्षिकोत्सव सम्पन्न भएको छ । ललितपुरको सातदोबाटोमा एक कार्यक्रम गर्दै समाजको वार्षिकोत्सव तथा साधारणसभा सम्पन्न भएको हो ।

समाजले आयोजना गरेको सो कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दिपेन्द्ररमण सिंह प्रमुख अतिथि रहेका थिए । कार्यक्रममको विशेष अतिथिमा वरिष्ठ बाथरोग विशेषज्ञ प्रा.डा. बुद्धि पौड्याल, अतिथिहरुमा बाथरोग विशेषज्ञ डा. दिपा शाह, डा. उज्वल रिसाल, डा. अमृत घिमिरे, डा. अमितकुमार राना, डा. कृष्ण अधिकारी, डा. सुमित पाण्डे, डा. प्रयुश शर्मा, डा. प्रदिप श्रेष्ठ रहेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि डा. दिपेन्द्ररमण सिंहले बाथरोग समाजले बाथरोग सम्बन्धी उपचारका लागि देशभर सेवा दिने कुरामा अघि बढ्नुपर्ने बताए । त्यसका लागि स्वास्थ्य सेवा विभागले सक्दो भूमिका खेल्ने बताए । उनले बाथरोग मैत्री समाजले देशलाई धेरै दिन सक्ने समेत बताए ।

विशेष अतिथि तथा समाजका संस्थापक वरिष्ठ बाथरोग विशेषज्ञ प्रा.डा. बुद्धि पौडेलले बाथरोगको उपचार महंगो र दिर्घरोग भएपनि सरकारले यस रोग सम्बन्धमा बेवास्ता गरेको बताए । साथै उनले क्यान्सर, मुटु, मृगौंला रोगीहरुलाई जस्तै बाथ रोगीहरुलाई पनि सरकारले सहयोग गर्नंपर्ने बताए ।

बाथरोगको सचेतनाका निम्ती सरकारदेखि चौथो अगं मिडियाले समेत यथोचित प्राथमिकता नदिएको गुनासो थिए । समाजको सल्लाहकार समेत रहेका डा. पौडेलले संस्थाको सेवा क्रमिक रुपमा देशभर पुऱ्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा डा.उज्वल रिससालले बाथ रोगीहरुलाई खोपको महत्व विषयमा उजागर गरेका थिए । बाथ रोगीलाई रोगसँग लड्ने क्षमता कम भएकोले पनि कुनैपनि किसिमका खोपहरु महत्वपूर्ण हुने रिसालले बताए । त्यसमाथी कोरोनाको खोप झनै महत्वपूर्ण हुने उनले बताए ।

बाथरोग विशेषज्ञ डा. दिपा शाहले हड्डी स्वास्थ्यको महत्वबारे कार्यक्रममा प्रकाश पारेकी थिइन् । उनले हडडीको स्वास्थ्यका लागि वयस्क उमेरदेखि नै सन्तुलित भोजन, ब्यायाम तथा योगमा ध्यान दिनुपर्ने बताइन् । हड्डी स्वास्थ्यका लागि षोषणयुक्त सन्तुलित भोजन तथा भिटामिन डीको जरुरत रहने शाहले बताइन् ।

डा. अमृत घिमिरेले बाथ रोगीहरुले के के खानुहुन्छ र केके खानु हुँदैन भन्ने बारे समाजमा रहेका भ्रमहरु चिर्ने प्रयास गरेका थिए । डा. घिमिरेले बाथ रागीहरुले मुलभुत रुपमा खानपीनमा कुनै किसिमका कुरा बार्नं नपर्ने बताए । तर युरिक एसिडको बाथको सवालमा एसिड बन्ने खानेकुरा खान नहुने बताए । त्यस अलवा बाथ रोगीहरुले धुम्रपान, मद्यपान र सिसिमा गालेका अचारहरु खान नहुने बताए । सो बाहेक सबै चीजहरु बाथ रोगीहरुले खाँदा हुने उनले बताए ।

कार्यक्रममको सभापतित्व वरिष्ठ बाथरोग मैत्री समाजका अध्यक्ष मोहन न्यौपानेले गरेका थिए । समग्र कार्यक्रमको संयोजन आरोज्ञ स्वास्थ्य सदनका प्रबन्ध निर्देशक तथा सोही समाजका महासचिव हरिप्रसाद तिमल्सिनाले गरेका थिए ।

# ‘पासपोर्ट बनाइदिन्छु’ भन्दै असुली गर्ने ४ जना पक्राउ

**काठमाडौं/मस–** एक दिनमै राहदानी बनाइदिने भन्दै रकम असुली गरेको आरोपमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौंका विवेक गुरुङ, सिन्धुपाल्चोकका रामबहादुर बोगटी, धनकुटाका श्यामकुमार राई र सिन्धुपाल्चोकका राम पौडेल रहेका छन् । उनीहरुले काठमाडौंमा राहदानी बनाउन राहदानी विभाग पुगेका



व्यक्तिबाट रकम असुली गर्ने गरेका थिए ।

उनीहरुलाई प्रहरी वृत्त कालिमाटीको टोलीले पक्राउ गरेको हो । प्रहरीका अनुसार पक्राउ परेका मध्ये गुरुङको चाबहिलमा रोज वर्ड नामक फोटो स्टुडियो छ ।

उनीहरुले विभिन्न व्यक्तिका नाममा आवेदन भरेको ३२ वटा अनलाइन फारम पनि प्रहरीले बरामद गरेको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१५ साउन २०७९, आइतबार
31 July 2022, Sunday

## सम्पादकीय

# विकल्प देऊ

काठमाडौं महानगरपालिकाले फुटपाथ खाली गर्ने अभियानलाई अगाडि बढाएको छ । आलोचना भएपनि मेयर बालेन्द्र शाह (बालेन) रोकिएका छैनन् । बालुवाटारमा थेलागाडामा मकै बेच्ने बृद्धलाई हटाएको तस्वीर सार्वजनिक भएपछि बालेनको विरोध भएको थियो । तर उनले त्यसप्रति कुनै जवाफदेहिता देखाएनन् । अहिले फुटपाथका साना व्यापारी उनको निशानामा छ । सडक छेऊ पसल राख्नेहरूलाई निषेधकै नीतिमा उनी देखिएका छन् । नयाँ बानेश्वर सडक छेऊमा साँझपख पसल राख्नेहरूलाई हटाइएको छ । अरू क्षेत्रमा पनि सडक छेऊ कुनै व्यापार गर्न दिइएको छैन । महानगरले सटर लिएर पसल चलाउन भनिरहेको छ । तर उनीहरू सवैसँग त्यस्तो सामर्थ्य नहुन सक्छ । महानगरको कथन छ– सटर लिन नसक्नेले सडक छेऊमा पसल राखेकै छैन ।

यो त महानगरको बुझाइ भयो । कुनै व्यवस्थित अध्ययनको निष्कर्ष होइन । तर सत्य भने मेयर बालेनको दृष्टिकोणमा पनि सडक छेऊ पसल राख्नेले शहरको सभ्यतामाथि धावा बोलेको छ । त्यसैले पनि उनको प्राथमिकतामा फुटपाथ खाली गर्न रहेको देखिन्छ । यसअघिका मेयर विद्या सुन्दर शाक्यले पनि यस्तै अभियान चलाएका थिए । उनले कोरोना महामारीका बेला बसपार्कमा खाना खुवाउनहरूलाई समेत दण्डित गर्ने नीति लिएका थिए । शाक्यको पनि चर्को विरोध भएको थियो । तर त्यो विरोधको कुनै अर्थ रहेन । कमजोर परिवारलाई बसपार्कमा खाना दिने काम बन्द गरियो । साना तथा फुटपाथबाट रोजीरोटी चलाउनेमाथि मेयरहरूको मात्रै नभएर संघीय सरकारले पनि कठोर नीति लिने गरेका छन् ।

सरकार बदलिएसँगै पहिलो निशानामा फुटपाथ पर्ने गरेको छ । अहिले पनि प्रहरीको आँखा छलेर फुटपाथमा व्यापार गरेर परिवार धान्नुपर्ने नियति कायमै छ । फुटपाथमा कस्ता व्यक्तिले त्यो काम गरिरहेको छ भन्ने व्यवस्थित अध्ययन नभएपनि हटाउने कार्य बिफल हुँदै आएको भने पुष्टि हुन्छ । त्यसका लागि ठूलो अध्ययनकै खाँचो पर्दैन । तसर्थ अहिले मेयर बालेनले लिएको नीति पनि दीर्घकालीन हुनेमा शंका उत्पन्न हुन्छ । तथ्य के पनि हो भने विकल्प नदिइ लिएको नीति सफल हुन सक्दैन । काठमाडौंका फुटपाथको सवालमा मात्रै नभएर अन्य सामाजिक गतिविधिमा यो विधि मिल्छ । अतः मेयर बालेनले निर्णय लिनु अगाडि त्यसको विकल्पबारे पनि एकपटक सोच्न जरूरी छ । महानगर यहाँका ठूला र शक्तिशाली नागरिकको मात्रै होइन, हरेक नागरिकसँग बाँच्न पाउने अधिकार पनि हो ।

# उद्योगको विकासप्रति उदासिनता

*पहिले घोषणा गरिएका औद्योगिक ग्रामहरू सञ्चालनमा आएका छैनन् । तर, सरकारले फेरि नयाँ ग्रामहरू थपेको छ । थपिएका यस्ता ग्रामहरूको निर्माण कार्य शुरू भएको छैन । केहीले डिपिआरको तयारी र पर्खाल घेर्ने कामसम्म पनि गरेका छैनन् ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

### बौद्धिक सम्पत्तिको स्थिति

देशमा ट्रेडमार्क दर्ताको क्रम केही बढेको देखिए पनि प्याटेन्ट डिजाइनको दर्ता संख्या बढ्न सकेको छैन । दर्ता गर्ने अथोरिटी सम्बन्धित निकाय उद्योग विभागको भनाईमा पनि यो स्पष्ट हुन्छ । ट्रेडमार्क दर्ता २३.८ प्रतिशतले बढ्दा डिजाइन दर्तामा ३३.९२ प्रतिशतले घटेको छ । अझ प्याटेन्ट दर्ता त ६६.६६ प्रतिशतले नै ओरालो लागेको छ । सरकारले ट्रेडमार्क दर्तामा लघु, घरेलु, साना, मझौला उद्योगका लागि निःशुल्क दर्ता गर्ने प्रावधान ल्याएकाले यसमा केही दर्ता संख्या बढे पनि अन्य विषयमा आशाप्रद देखिन्न । आ.व. ०७७/०७८मा २३.८ प्रतिशतले भनौं ५७२ वटा ट्रेडमार्क दर्ताको वृद्धि भएको थियो भने आ.व. ०७८/०७९ मा २ हजार ९७५ ट्रेडमार्क दर्ता थप भएको देखिन्छ । देशमा हालसम्म ५६ हजार २७ संख्यामा ट्रेड मार्क दर्ता भएको देखिए पनि डिजाइन दर्ता भने अघिल्लो आ.व. मा कूल ५६ वटा मात्रै भएको पाइन्छ । अघिल्लो आर्थिक वर्षमा यसको संख्या केवल ३७ मा सिमित भयो भनौं विगतभन्दा ३३.९२ प्रतिशतले कमी आयो । यस आ.व. मा प्याटेन्ट दर्ता जम्मा एक मात्र, अघिल्लो वर्षमा बरु तीन वटा थिए । अबको संख्या भनेको कूल डिजाइन दर्ता ८८ र प्याटेन्ट दर्ता ८० पुगेको छ । प्याटेन्ट र डिजाइन दर्ताको स्तर हेर्दा देशमा औद्योगिक अबस्था नाजुक, बौद्धिक सम्पत्तिको चेतनामा कमी र औद्योगिक विकास शून्य प्रायः भन्नु पर्ने अवस्था छ । देशमा इनोभेसनको कमी, अरुको नक्कल गर्ने प्रचलन बढी छ । देशको नीति राष्ट्रिय बौद्धिक सम्पत्ति रक्षामा फितलो अवस्था स्पष्ट हुन्छ र त देश व्यापार घाटामा चुर्लुम्मै डुबेको छ । आफ्नो उत्पादन नभएर, देशमा औद्योगिक वातावरण छैन, छ केवल व्यापारको, छिटो धनी हुने प्रयास ।

### औद्योगिक सम्पत्तिकै चर्चा

विदेशमा उत्पादन र डिजाइनबारे दिन प्रतिदिन चर्चा हुन्छ, बहस हुन्छ । हामीकहाँ उद्योगमा होइन, व्यापारमा लगानी गरेर धनी हुने चलन छ, र त देश उच्च ऋणमा छ । देशमा औद्योगिक सम्पत्तिअन्तर्गत डिजाइन र टेडमार्क दर्ता केही बढेको देखिए पनि प्याटेण्ट दर्ता शून्य छ । यसको अर्थ हो, नक्कल गर्ने प्रवृत्ति बढी छ । उत्पादनलाई इन्नोभेटिभ नगराएसम्म देशमा औद्योगिक लहर आउँदैन । सरकारले वि.सं. २०७३ देखि राष्ट्रिय बौद्धिक सम्पत्ति नीति तय गरेको हो तथापि निजी क्षेत्र र सरकार दुबैको यसमा चासो देखिँदैन । विगत वर्षहरुदेखि नै यो कम उत्साहप्रद छैन । औद्योगिक सम्पत्तिमा उत्पादकको चासो बढ्दा दर्ता सख्या वृद्धि हुने हो तर नयाँ र आविष्कारमूलक प्याटेण्ट दर्ता नगन्य हुनु भनौं शून्य हुनु, डिजाइनमा पनि उत्साह कम देखिनुको अर्थ देशको औद्योगिक व्यवसाय क्षेत्रमा नवीनता, नवप्रवर्द्धन देखिएन, जसले देशमा औद्योगिक सम्पत्तिको आधार बलियो नभएको संकेत गर्छ ।

सरकारले विगत वर्षको बजेटमा दैनिक जनजीवनका अत्यावश्यक वस्तु औषधि र स्वास्थ्य सामग्री एवम् स्वदेशी कच्चा पदार्थ प्रयोग गरी आन्तरिक उत्पादन वृद्धि गर्न सामूहिक ट्रेडमार्क प्रयोग गर्न पाउने व्यवस्था शुरू गर्ने भनेको थियो । आ.व.०७६/०७७ सम्म ५१ हजार ६ सय ट्रेडमार्क, ७९ प्याटेन्ट डिजाइन औद्योगिक बौद्धिक सम्पत्तिको रूपमा दर्ता भएको आर्थिक सर्वेक्षण २०७७ ले देखाउँछ । यस्तो तथ्यांक १२ वर्ष अघिसम्म स्वदेशी १६ हजार ६ सय २२ र स्वदेशी १२ हजार ७ सय ७५ गरी जम्मा २९ हजार ३ सय ३७ ट्रेडमार्क संख्या दर्ता रहेकोमा आ.व. ०७६/०७७ सम्म जम्मा स्वदेशी ट्रेडमार्क २७ हजार ५ सय ६५ र विदेशी २४ हजार ०३७ गरी जम्मा ५१ हजार ६०२ थियो ।विगत वर्षको बजेटमा सरकारले वैदेशिक व्यापारमा देखिएको अवरोध न्यून गर्दै निर्यात, आयात र आपूर्ति व्यवस्थालाई सुचारु गरिने, विश्व बजारमा सम्भाव्य प्रतिस्पर्धी वस्तुको उत्पादन बढाई निकासी प्रवर्द्धन गर्ने, चिया, कफी, अर्गानिक तरकारी, पिउने पानी तथा जडीबुटी आदि उत्पादनलाई ब्राण्डिङ्ग गरी निकासी गर्न प्रोत्साहन गर्ने भनेको थियो । हिमाली र पहाडी क्षेत्रमा अर्गानिक उत्पादनमा जोड दिइने, बौद्धिक सम्पत्तिको रक्षा र ट्रेडमार्क दर्ता गर्ने निकाय उद्योग विभागका अनुसार नेपालमा लोक्ता, पस्मीना, कफी, चिया, जुत्ता आदिले सामूहिक ट्रेडमार्क लिइसकेका छन् । तर पनि यी वस्तुहरुको निकासीमा सुधार आएको छैन । यी कार्यमा सरकारी रुची नभएकै कारण यी वस्तुको निकासी प्रक्रिया खर्चिलो छ, लगानीअनुसार प्रतिफल छैन । फलस्वरूप विदेशी दातृ निकाय र विकास साझेदार सहयोगका ती वस्तुको सामूहिक ट्रेडमार्क दर्ता भए पनि तिनको बजार फस्टाएको छैन ।

### उद्योगको अवधारणा

जुद्ध शम्शेरका पालामा वि.सं. १९९२ मा उद्योग परिषद्को स्थापना, वि.सं. १९९३ मा कम्पनी ऐन जारी गरी विराटनगर जुट मिल्सको स्थापना, वि.सं. १९९६ मा घरेलु उद्योग विभागको स्थापना, वि.सं. २००३ मा रघुपति जुट मिल्स र मोरंग सुगर मिल्स आए पनि वि.सं. २००७ पछि खासै औद्योगिक नीति देशमा आएन । वि.सं. २०१३ मा दीर्घकालिन योजनाहरुको अवधारणासँगै लगानी वर्षको अवधारणा, वि.सं. २०१८ मा औद्योगिक नीति र वि.सं. २०३०, २०३७ र २०४९ मा औद्योगिक नीतिहरु तय भएका हुन् । २०४६ सालको परिवर्तपछि उद्योग विस्तारभन्दा पनि भएका उद्योगहरुको निजीकरण, संक्रमण राजनीति कायम रह्यो । वि.सं. २०६७ मा नयाँ औद्योगिक नीति आए पनि खासै कृयाशील अवस्था छैन । पुरानो घरेलु विभाग नै डिलिट छ अहिले, घरेलु विकास समिति पनि संघिय संरचनामा डिलिट नै भए । २०४६ को परिवर्तनपछि श्रमशील व्यक्तिहरु विदेसिए, त्यसअघिका उद्योगहरु इतिहास बने, पछिल्ला दिनमा उत्पादनमूलक उद्योगहरु राजनैतिक नारा मात्र बनेका छन् र त वार्षिक बजेटभन्दा व्यापारघाटा धेरै छ ।



*विदेशमा उत्पादन र डिजाइनबारे दिन प्रतिदिन चर्चा हुन्छ, बहस हुन्छ । हामीकहाँ उद्योगमा होइन, व्यापारमा लगानी गरेर धनी हुने चलन छ, र त देश उच्च ऋणमा छ । देशमा औद्योगिक सम्पतिअन्तर्गत डिजाइन र ट्रेडमार्क दर्ता केही बढेको देखिए पनि प्याटेण्ट दर्ता शून्य छ । जसलाई राज्यले प्रोत्साहन गरेको छैन ।*

### औद्योगिक ग्राम थपिए मात्र

पहिले घोषणा गरिएका औद्योगिक ग्रामहरु सञ्चालनमा आएका छैनन् । तर, सरकारले फेरि एघार वटा यस्ता ग्राम थपेको हो । बर्दियाको गुलरिया, कालिकोटको शुभमालिका, डोटीको शिखर, दिपायलको सिलगढी, डडेल्धुराको गन्यापधुरा, इलामको चुलाचुली, धनकुटाको साँगुरीगढी र महालक्ष्मी, धादिङको नीलकण्ठ, नवलपरासीको दुप्सेकोट, अर्घाखाँचीको पाणिनी आदिक्षेत्रमा । आ.व.२०७६/०७७ देखि आएको यो अवधारणामा यसअघि ८४ वटा घोषित भइसकेका र पछिल्लो समय यसको लक्ष्य ५० वटा यस्ता ग्राम थप गर्ने थियो । तर, यस्ता ग्रामहरुको निर्माण कार्य शुरू भएको छैन, केहीले डिपिआरको तयारी र पर्खाल घेर्ने कामसम्म पनि गरेका छैनन् । स्थानीय स्रोत, साधन प्रयोग गरी उद्योग स्थापना गर्ने र त्यहीँ रोजगारी सिर्जना गर्ने लक्ष्य हो । त्यसो त हालको पञ्चवर्षीय योजनाले देशमा उद्योग ग्रामहरु थप्दै जाने भनेको छ । विगत आ.व. २०७७/०७८ मा ७० वटा औद्योगिक ग्राम थप गर्ने लक्ष्यमा ४० वटा घोषणा गरियो भने अघिल्लो आ.व.मा त्यसअघि ४४ वटा मात्र । जग्गा प्राप्तिमा कठिनाई, पूर्वाधारको समस्या, मापदण्ड पूरा गर्नु पर्ने बाध्यताहरुले प्रदेश एवम् स्थानीय तहमा भनेजति उद्योग ग्राम स्थापना हुन सकेनन् । चालु १५ औं योजनाको लक्ष्य ३५१ यस्ता ग्राम स्थापनाको उद्देश्य हो, तर उद्धेश्य एकातिर काम अर्कोतिर भएको देखिन्छ ।

हिमाली क्षेत्रमा त जग्गा भिरालो भूबनोटमै समस्या छ । सरकारले १ उद्योग ग्रामका लागि १ करोड रकम निकासा गर्ने भनेकोमा सबैभन्दा बढी गण्डकी प्रदेशमा २४, लुम्बिनीमा १६, बागमती र सुदूरपश्चिममा ११/११ वटा, प्रदेश १ मा ८, प्रदेश २ मा ९, कर्णालीमा ५ उद्योग ग्राम घोषणा भइसकेका छन् । जग्गाको मापदण्डमा हिमाली दूर्गम पहाडी क्षेत्रमा ६० रोपनी, पहाडी क्षेत्रमा ४० रोपनी, तराईमा ७ बिघा हुनुपर्ने, घनाबस्तीबाट १ कि.मि. टाढा हुनुपर्ने, स्थानीय तहले नै सबै व्यवस्थापन गर्नुपर्ने, उद्योगको वर्गीकरणमा परेका लघु, घरेलु, साना उद्योग मात्रै स्थापना गरिनुपर्ने, कृषि, वन पैदावारका र स्थानीय कच्चा पदार्थ, खेर गएका वा जाने बस्तु प्रयोग हुनु पर्ने प्रावधानहरु छन् । स्थापनामा संघीय सरकारले घोषणा गर्ने, आर्थिक प्राविधिक सहयोग गर्ने, अनुगमन, मूल्यांकन गर्ने, सम्बन्धित प्रदेश मन्त्रालयले औद्योगिक ग्राम तयको सिफारिश गर्ने र उसले पूर्ण या आंशिक पूर्वाधार निर्माणमा सहयोग गर्ने र स्थानीय तहले जग्गाको छनोट, पूर्व सम्भाव्यताको अध्ययन, विस्तृत परियोजनाको तयारी, सञ्चालन, अनुगमन र समन्वय गर्ने नीति छ तर, सरकारको औद्योगिक नारा योजनामै सिमित छ ।


### औद्योगिक क्षेत्रहरु नै कामविहीन

वि.सं. २०१६ मा अमेरिकी सरकारको सहयोगमा काठमाडौंको बालाजु औद्योगिक क्षेत्रको स्थापना भएको, २०४६ को परिवर्तनपछि यसलाई औद्योगिक क्षेत्र व्यवस्थापनको रूपमा हेरियो, वि.सं. २०२० मा भारत सरकारको सहयोगमा पाटन औद्योगिक क्षेत्रको स्थापना, अमेरिकी सरकारको सहयोगमा हेटौंडा औद्योगिक क्षेत्रको स्थापना, वि.सं. २०२९ र वि.सं. २०३० सालमा भारत सरकारकै सहयोगमा सुनसरीको धरान र बाँकेको नेपालगन्जमा औद्योगिक क्षेत्रको स्थापना, वि.सं. २०३६ मा जर्मनी सरकारको सहयोगमा भक्तपुरमा र वि.सं. २०३८ मा नेदरलैण्ड सरकारको सहयोगमा सुर्खेतको वीरेन्द्रनगरमा औद्योगिक क्षेत्रको स्थापना र वि.सं. २०४१ मा सरकारकै पहलमा सबैभन्दा सानो ५३ रोपनी जग्गामा स्थापित धनकुटाको औद्योगिक क्षेत्र पनि हाल सन्चालनमा छैन । भारत सरकारको सहयोगमा वि.सं. २०४४ मा राजविराजमा गजेन्द्रनारायण सिँह औद्योगिक क्षेत्रको स्थापना पछिल्लो औद्योगिक क्षेत्र हो । हेटौंडा औद्योगिक क्षेत्रमा नाम कमाएका हेटौंडा कपडा उद्योग र हेटौंडा सिमेण्टले आफ्नो नाम गुमाए, पाटन, भक्तपुर, वीरेन्द्रनगरका अधिकांश उद्योगहरु कुटीर र लघु उद्योगका रूपमा छन् । पोखरा, नेपालगन्ज, धरान, बुटवल र गजेन्द्रनारायण सिँह औद्योगिक क्षेत्रहरुमा साना उद्योगको बाहुल्यता छ । बालाजुमा भने मझौला र ठूला उद्योगको प्राधान्यता छ तर उद्योगभन्दा त्यहाँ व्यापारै देखिन्छ । हेटौंडा, बालाजु र भक्तपुरमा वैदेशिक र बहुराष्ट्रिय कम्पनीको लगानीमा उद्योगहरु सन्चालनमा रहँदा यी सबैजसो उद्योगहरु हाल धेरै रुग्ण छन् । ४६ अघि यी क्षेत्रहरुमा डेढ् लाखले रोजगारी पाएका थिए हाल ती क्षेत्रमा मुस्किलले १० हजारले रोजगारी पाएका छैनन्, उत्पादनको अबस्था सबैतिर नाजुक छ, राजनीतिको हाँसो उद्योगको रोइलो छ देशैभरि ।

### र, अन्त्यमा


आ.व. २०७५/०७६ को तुलनामा आ.व. २०७६/०७७ मा उत्पादनमूलक उद्योगको मूल्य अभिवृद्धि २ दशमलव २७ प्रतिशतले घटेको, कोभिड-१९ भन्दै अधिकांश उद्योग व्यवसाय बन्द भएका, आपूर्ति श्रृङ्खला, उत्पादन, भण्डारण र वितरण सबै प्रणाली टुटेको थियो, अझै सुधार भएको छैन । जसबाट यस क्षेत्रको मूल्य अभिवृद्धिदर ऋणात्मक छ । पछिल्लो १२ वर्षमा उद्योग क्षेत्रको मूल्य अभिवृद्धिदर वार्षिक औसत ३ दशमलव ४ भन्दा माथि जान सकेन । विगत १२ वर्ष अघिसम्म यसको योगदान १० प्रतिशत रहेकोमा आ.व. २०७५/०७६ मा कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ५ दशमलव ७ प्रतिशत मात्र र आ.व.२०७६/०७७ मा यो घटेर ५ दशमलव १ प्रतिशतमा झरिसकेको थियो, यो झर्ने कममा सुधार आएको छैन अहिले पनि ।

## सामाजिक सञ्जाल




**- डम्मर खतिवडा**

वैकल्पिक प्रगतिशील–लोकतान्त्रिक शक्तिको भिन्न छवि र मौलिक अस्तित्व चुनावैपिच्छे गरिने एक/दुई सिटे गठबन्धनबाट निर्माण हुँदैन । भारतमा आप र केजरीवालले कांग्रेस, कम्युनिस्ट, भाजपाजस्ता पार्टीसँग कहिल्यै कुनै गठबन्धन गरेनन् । आफ्नो भिन्न र मौलिक पहिचानसहितको कार्यदिशा चाहिन्छ ।




**- सुनिल चाम्लिङ**

जनताबाट विभिन्न बहाना र कतिपय गल्तिमा असुल गरिएका जरिवाना कुन क्षेत्रमा खर्च गर्ने भन्ने कुनै योजना बिना जरिवाना लाउनु उचित हो कि होइन ? विराटनगर महानगरमा महानगर प्रहरीले असुल्ने जरिवाना केमा खर्च गर्ने योजना छ ? जुन शीर्षकमा जरिवाना लिइने त्यसैको सुधारमा खर्च गरे कसो होला ?




**- निर्मला ढकाल**

धर्म, देउता, बाबाजी हरेक आस्था मानवनिर्मित हुन् । समाजलाई अनुशासनमा राख्नको लागि निर्मित यी सिद्धान्तको व्यापारीकरण केही निश्चित स्वार्थ समुहको नियोजित कार्य हो । द्रव्य सत्य हो, यो विना व्यक्तिको जीवन चल्दैन । आस्थाले जीवन सुखी हुने भएको भए सन्यासी खानको लागि कमन्डलु भिरेर हिंड्दैन थिए ।



**- हरि बस्याल**

आजको आवश्यकता राजनैतिक तथा संवैधानिक व्यवस्थामा परिवर्तन होइन, यसको जनमुखी र देशमुखी प्रयोग हो । नेपालमा नियन्त्रित अस्थिरता कायम राख्दै आफ्नो स्वार्थ पूरा गर्न चाहनेहरूको लगानी र उत्प्रेरणामा बारम्बार संविधान र व्यवस्था परिवर्तनको मुद्दा उठ्यो र उठाईँदैछ । यति भन्न डराउनु पर्दैन ।



**- यादव देवकोटा**

मानिसको आ–आफ्नो विचार हुन्छ । त्यसमा हाम्रा सहमति असहमति हुन्छन् । इतिहासले खलानमा मिल्काएको जूठो जोगाड गरेर आफ्नो राजनीतिक भोक पुरा गर्छु भन्नेलाई त्यसो नगर यसले अरूको त परै जाओस् तिम्रै पनि भलो गर्दैन भन्नु बाँकी समाजको कर्तव्य हो । यो कर्तव्य निर्वाह गर्नु विचारको निषेध होइन ।

# संकटोन्मुख राष्ट्र !

टिप्पणी



● खिमराज गिरी

बिहीबारको एक दैनिकमा नेपाली सेनाका पूर्वसहायक रथी केशरबहादुर भण्डारीद्वारा “राष्ट्रिय सुरक्षा र संकटोन्मुख राष्ट्र” शीर्षक लेख पढेर केही लेख्न मन लाग्यो । सेनामा जागिर खाँदा सैनिक जवानदेखि माथिल्लो तहसम्मको हकहितको लागि मरिमेट्ने र राष्ट्र र राष्ट्रियताको खातिर सदैव आफ्नो निष्ठा र कर्तव्यलाई गुरुमन्त्र ठान्ने जनरल भण्डारीको उक्त लेखले राष्ट्रप्रति चिन्ता र चासो राख्नेको लागि मन छोएको छ । हुनपनि देश अहिले संकटग्रस्त स्थितिमा छ । साँच्चै, अहिले राजनीति गर्नेहरुको लागि राजनीतिक नारा बिलासको विषय भएकै हो ।

जब कुनै पनि पार्टीका नेताहरु सत्ता स्वार्थ केन्द्रीत हुन्छन्, तब देशले निकासको बाटो पहिल्याउन धेरै असहज परिस्थितिको सृजना हुन्छ । अहिले देशको आर्थिक अवस्था हेर्ने हो भने वैदेशिक ऋण बढ्दो, मूल्यबृद्धि उच्च, बढ्दो सोधनान्तर घाटा, कन्भर्टेवल नभएको नेपाली मुद्रा, चाहेको विदेशी वस्तु खरिद गर्न भारतीय मुद्राको भरपर्नुपर्ने, बढ्दो भ्रष्टाचार मौलाउँदै जाँदा असारे विकासको कुसंस्कृति, आदि कारणले नेपालको हालको अर्थतन्त्र धराशायी स्थितिमा छ । र, केवल राज्य वैदेशिक ऋण र रेमिट्यान्सले धानिएको छ ।

संघीय सरकारको त त्यो हालत छ भने झन् प्रदेश सरकारको काम कारबाही हेर्ने हो भने आफन्त र पार्टीलाई उभो लगाउने खालको योजनाहरु मात्रै देखिन्छन् । जस्तैः गण्डकी प्रदेशलगायत अन्य केही प्रदेशमा बजेट सही ढंगले विकासको काममा लगाउनु पर्नेमा आफन्तलाई जागिरको




लागि दरबन्दी थप्ने र आफन्तको नाममा ट्रष्ट राख्ने प्रवृतिले गर्दा अहिले जनताहरु प्रदेशको काम देखेर दिक्क मानिराखेका छन् । त्यस्तै स्थानीय जनप्रतिनिधिहरु विकासको नाममा डोजर मालिक बनेर नदी खोलाहरुमा भएका ढुंगा, गिटी तथा बालुवाको दोहन र जनताको करको दुरुपयोग गरी शहरमा घर ठड्याएका छन् । अनि जनता बिरामी परेको अवस्थामा एउटा सिटामोल नपाएर छटपटिएको अवस्था छ ।

*जब नेताहरु सत्ता केन्द्रीत हुन्छन्, तब देशले निकासको बाटो पहिल्याउन सक्दैन । अहिले देशको आर्थिक अवस्था धराशायी स्थितिमा छ । र, केवल राज्य वैदेशिक ऋण र रेमिट्यान्सले धानिएको छ ।*

राष्ट्रिय सुरक्षाको मामलाबारे चर्चा गर्ने हो भने सत्ता जोगाउनकै लागि विदेशीसँग हार गुहार माग्ने हाम्रा नेताहरुको पराधिन आचरणको कारणले गर्दा नै एमसीसी, एसपीपी र नागरिकता विधेयकको लागि समेत अन्तराष्ट्रिय शक्तिकेन्द्रको दवाब खेप्नुपरेको छ । जसको कारणले बीपी कोइराला र पुष्पलाल श्रेष्ठको पालादेखि नै देशको आन्तरिक राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा विदेशीको हस्तक्षेप निरन्तर नरोकिएकोले अहिले राष्ट्र संकटको स्थितिमा आइसकेको छ । तैपनि नेपाली सेनाका पूर्व जर्नेलले भन्नुभएजस्तै विचार र सिद्धान्तका आधारमा मात्र पार्टी बन्न सक्छ भनेर आदर्श छाँट्न सक्ने नेता तथा कार्यकर्ताहरु के-कस्तो राजनीतिक नैतिकता र धरातलमा उभिएर विपरित विचार र सिद्धान्तका पार्टीहरुसँग चुनावी गठबन्धन गर्न तयार भएका हुन् ? भनिन्छ नि, रुखले पात बदले पनि जरा बदल्दैन्, त्यस्तै कर्तव्यनिष्ट मान्छेले बाटो बदलेपनि सिद्दान्त बदल्दैन ! न त कसैको साथ, न कसैको आश, प्रायः पाटीको बास ! परिवार, देश र समाज भन्दा भन्दै कुनै कुनै कर्तव्यनिष्ट मानिसको जीवन सधैं तनावको मजेरीमा बन्धक हुन बाध्य भइरहेको छ भने कसैलाई जनताले नेता मान्दै गर्दा औंलो दिँदा डुँडुलो निल्ने, तालपरे मिल्ने नत्र ओकल्ने ! उता जनताको हालत अझैपनि पाटीको बास छ । तर, नेपालका राजनीतिक दल भने सत्ता नपाइन्जेल जनताको वरीपरी, सत्ता पाएपछि सिहदरबारमा चुरीफुरी । अनि यी गरिब निमूखा जनताले कहिले पाउने राहत, यो गन्तव्यबिहीन यात्रामा ।

साँच्चै, अचम्मको कुरा त यही भएर पनि सत्ता, भत्ता, नातावाद र परिवारवादी राजनीतिक संस्कारले आज देशको अवस्था संकटोन्मुख र राष्ट्रिय सुरक्षाको मामलामा पनि प्रश्न चिन्ह खडा भएको छ ।

# ‘युक्रेनलाई विश्व मानचित्रबाट मेट्ने रूसी प्रयास’



**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत लिन्डा थोमस–ग्रीनफिल्डले विश्व मानचित्रबाट रूसले युक्रेनलाई मेट्ने प्रयास गरेको बताएकी छन् । सुरक्षा परिषद्‌को शुक्रबारको बैठकमा उनले विश्व मानचित्रबाट युक्रेनलाई मेट्न रूसले खोजेकामा अब कुनै शंका नरहेको बताइन् । रूसका पछिल्ला अमानवीय गतिविधिले त्यसतर्फ संकेत गरेको उनले बताइन् ।

रूसले पूर्वी युक्रेनी क्षेत्र डोनेस्क र लुहान्स्क, दक्षिणी खेरसोन र जापोरिज्जियालाई अवैध रूपमा आफ्नो कब्जामा लिएर त्यसको आधार निर्माण गरिरहेको उनले दाबी गरिन् । अमेरिकी राजदूतले रूसका विदेशमन्त्री सर्गेई लाभरोभले पनि रूसको युद्धको लक्ष्य पनि त्यही नै भएको अभिव्यक्ति दिएको बैठकमा स्मरण गराइन् ।

विदेशमन्त्री लाभरोभले गत आइतवार कायरोमा भएको अरब शिखर सम्मेलनमा युक्रेनमा मस्कोको मुख्य लक्ष्य आफ्ना जनतालाई अस्वीकार्य शासनबाट मुक्त गर्नु हो भनेका थिए । मस्कोको युद्धको उद्देश्य पूर्वमा डोनेस्क र लुहान्स्क सम्मिलित युक्रेनको औद्योगिक डोनबास क्षेत्रभन्दा बाहिर फैलिएको स्पष्ट गर्दै उनले युक्रेनी जनतालाई जनविरोधी वर्तमान शासनबाट मुक्त हुन मद्दत गर्नेछौं भनेका थिए ।

रसियाका नायब राजदूत दिमित्री पोल्यान्स्कीले पनि सुरक्षा परिषद्मा युक्रेनलाई पूर्णरूपमा निःशस्त्रीकरण गरिने बताए । डोनबासमा रूस वा युक्रेनबाट जोखिम हुन नहुने भन्दै उनले धेरै वर्षपछि त्यहाँका जनताले पहिलोपटक आफूले चाहेजस्तो जीवन बिताउन पाएका बताए । पोल्यान्स्कीले लामो दूरीमा प्रहार गर्नसक्ने रकेटसहितका हतियार आपूर्ति गर्ने पश्चिमा देशलाई चेतावनी दिँदै रूसी सैन्य कारबाही त्यसलाई परास्त गर्नका निम्ति पनि भएको बताए ।

युक्रेनी नागरिकले आफूले विश्वास गर्ने देश रोजेका बताउँदै रूसी कूटनीतिज्ञ पोल्यान्स्कीले युक्रेनको राजनीतिक र सैन्य नेतृत्वमा फस्टाएको भ्रष्टाचार त्यसको कारक भएको दाबी गरे । उनले पश्चिम राष्ट्रबाट युक्रेनलाई उपलब्ध गराइएका घातक हतियार युरोपसम्म फैलिने चेतावनी पनि दिए ।

पश्चिमा देशका हतियारले केवल युक्रेनी जनताको पीडा बढाएको दाबी गर्दै उनले आफ्नो देशले गरेको विशेष सैन्य अभियानका उद्देश्य हासिल हुने भइछाड्ने बताए । साथै उनले आगोमा इन्धन थप्नुको कुनै अर्थ नभएको दोहोऱ्याए ।

अमेरिकी राजदूतले रूसको नाम नलिइकन सबै देशहरूलाई कूटनीतिक माध्यमबाट समस्याको निकास खोज्न आह्वान गर्दै रूसी कदमबाट वर्तमान संकट समाधान नहुने बताइन् । उनले विद्यालय र अस्पतालमा बम आक्रमण, सहायताकर्मी र पत्रकारहरूको हत्या, युद्धको त्रासदीबाट बच्न खोज्ने नागरिकहरूलाई लक्षित गर्दै भएका प्रहार, बुचामा आफ्नो दैनिक व्यवसायमा जानेहरूमाथि भएका अत्याचारको फेहरिस्त उनले प्रस्तुत गरिन् ।

राजधानी किएभ बाहिरको क्षेत्रमा रूसी सेनाले गरेको नरसंहार,जबर जस्ती हिरासतमा राखेर भएका सोधपुछ, हजारौं युक्रेनीलाई निर्वासनमा जान बाध्य गरिएका, बालबालिकामाथि भएका चरम दुर्व्यवहारबारे पनि अमेरिकी राजदूतले बैठकलाई जानकारी गराइन् ।

रूसी बोल्ने उनीहरूलाई बलपूर्वक आफ्नो भूमिमा जान बाध्य पारिएको छ । मानवअधिकार हनन, युद्ध अपराध र ज्यादतीका घटना बढेका छन् । युक्रेनीलाई सास्ती दिन रूसी राष्ट्रपतिका अधिकारीहरूले निरीक्षण एवम् समन्वय गरिरहेका उनले सुनाइन् । यसैबीच, युक्रेनी र रूसी अधिकारीहरूका अनुसार करिब २० लाख युक्रेनी शरणार्थीलाई रसिया पठाइएको छ ।

# श्रीलंकाको मुद्रा सञ्चिति एक अर्ब ८५ करोड डलर : केन्द्रीय बैंक



**काठमाडौं/एजेन्सी–** सन् २०२२ को जून अन्त्यसम्ममा श्रीलंकाको मुद्रा सञ्चिति एक अर्ब ८५ करोड अमेरिकी डलर रहेको केन्द्रीय बैंकले शुक्रबार जनाएको छ । श्रीलंकाको मुद्रा सञ्चिति सन् २०१९ को अन्त्यमा सात अर्ब ६० करोड अमेरिकी डलर पुगेको थियो तर त्यसबेला देखि सञ्चितिमा निरन्तर ओरालो लाग्दै आएको छ । सन् २०२० को अन्त्यसम्ममा उक्त मौज्दात पाँच अर्ब ७० करोड डलरमा झरेको थियो ।

केन्द्रीय बैंकको तथ्याङ्कअनुसार सन् २०२१ को अगस्तसम्ममा उक्त मौज्दात तीन अर्ब १० करोड पुगेको र र सन् २०२२ मार्च मसान्तसम्ममा यसमा थप कमी आई एक अर्ब ९० करोड डलर पुगेको थियो ।

आर्थिक सञ्चितिमा आएको गिरावटको अर्थ श्रीलंकालाई इन्धन र औषधि जस्ता अत्यावश्यक वस्तु आयात गर्न समस्या भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र अन्य थुप्रै दाताहरूले आर्थिक सहायता पुग्नुअघि श्रीलंका सरकारले बनाएको ‘म्याक्रोइकोनोमिक’ योजनाबाट नै मुलुकको समस्या सम्बोधन गर्दै गर्न आह्वान गरेका छन् ।

यसैबीच श्रीलंका सरकारले सङ्कटमा परेको मुलुकमा ‘सर्वदलीय’ सरकार गठन गर्ने प्रयासमा बिहीबार विपक्षी दलहरूसँग वार्ता शुरु गरेको छ । नवनिर्वाचित राष्ट्रपति रनिल विक्रमसिङ्घेले श्रीलंका फ्रिडम पार्टी (एसएलएफपी) सँग ‘सर्वदलीय’ सरकार गठनका लागि वार्ता गरेका र यो प्रक्रिया देशका अन्य दल तथा समूहसँग पनि जारी रहने र एक हप्तामा पूरा हुने अपेक्षा गरिएको स्रोतलाई उद्धृत गर्दै डेली मिररले जनाएको छ ।

प्रमुख प्रतिपक्षी दल सामागी जाना बालावेगया (एसजेबी) भने सरकारमा सहभागी नहुने जनाइसकेको छ । तथापि, यसका केही सांसदहरू व्यक्तिगत तवरमा शासकीय प्रक्रियामा सामेल हुनसक्ने विश्लेषकहरूले बताएका छन् ।

सांसद विमल विरावाणसाको नेतृत्वमा राष्ट्रिय स्वाधीनता मोर्चा (एनएफएफ) ले पनि हिजो राष्ट्रपतिलाई सकारात्मक सङ्केत पठाएको सरकारले जनाएको छ । उनले बिक्रमासिङ्घेलाई समर्थन गर्ने वचन दिएका थिए । लिखित रुपमा सरकारलाई दिएको जानकारीमा सांसद वीरावाणसाले मुलुकलाई दुईवटा मात्र विकल्प बाँकी रहेको बताए । डेली मिररले वीरावाणसालाई उद्धृत गरी लेखेको छ, ‘हाइटीमा जस्तै अराजक परिस्थितिको बाटोबाट राजनीतिक नेतृत्व अघि बढ्ने वा कम्तीमा पनि अन्तिम समयमा सहमतिमार्फत वर्तमान गडबडीबाट त्यसलाई समाधान दिन तयार हुने भन्ने निर्णय श्रीलंकाको राजनैतिक नेतृत्वले सोच्नु जरूरी छ ।’

यस सन्दर्भमा एनएफएफले राष्ट्रपतिका लागि प्रस्तावहरू पेश गरेको थियो ।


**नेपाल सरकार,**
**उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय**

**लघु, घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौ द्वारा आयोजित निःशुल्क सिपमुलक तालिम सम्वन्धी सूचना ।**

यस केन्द्र र नियशा सुज ईण्डष्ट्रिज प्रा.लि. बिच भएको सम्झौता बमोजिम काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका, वडा नं. ४, लोलाङ हाईट मा अवस्थित श्री नियशा सुज ईण्डष्ट्रिज प्रा.लि. उद्योगले २०७९।८० आर्थिक वर्षमा २०० जना लाई कार्यस्थलमा तालिम प्रदान गरि प्रशिक्षार्थी कामदार रोजगारीमा संलग्न भई मौकाको फाईदा उठाउनुहोस् ।

| प्रशिक्षार्थी कामदारले गर्नुपर्ने काम | संख्या | प्रशिक्षणको मुख्य विषयवस्तु | प्रशिक्षण अवधि (दिन तथा महिना) | प्रशिक्षणको प्रकार (आधारभुत सीप विकास तथा सीप अभिवृद्धि तथा अन्य) | तालीम सम्पन्न गरी सक्नुपर्ने अवधि | मुल्याकंनको आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| जुत्ता बनाउने | २०० | जुत्ता बनाउने | ३ महिना | आधारभुत सीप विकास | ३ महिना | | |

**फर्म भर्ने अन्तिम मिति** : २०७९ भाद्र ४ सम्म ।

**सम्पर्क** : नियशा सुज ईण्डष्ट्रिज प्रा.लि.
तारकेश्वर नगरपालिका, वडा नं. ४, लोलाङ हाईट, मो. ९८११०६६८५७


# मंकीपक्सबाट ब्राजिलमा पहिलो मृत्यु

**काठमाडौं/एजेन्सी–** ब्राजिलमा मंकीपक्सबाट पहिलोपटक मानवीय क्षति भएको छ । सरकारी अधिकारीहरूले शुक्रबार ब्राजिलमा मंकीपक्सबाट पहिलो व्यक्तिको मृत्यु भएको पुष्टि गरेका हुन् । ब्राजिलको दक्षिणपूर्वी मिनाज गेराइस राज्यअन्तर्गत पर्ने बेलो होरिजोन्ट भन्ने ठाउँमा ४१ वर्षीय एक व्यक्तिको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

बिरामी भएपछि ती व्यक्तिलाई गम्भीर स्वास्थ्य अवस्था रहेको ठानेर उपचार गराइएको भए पनि उपचार सफल हुन नसकेको स्वास्थ्यकर्मीहरूले बताएका छन् । उनलाई क्यान्सरलगायत अरू गम्भीर प्रकृतिका रोगले समेत चापेकाले उपचार सफल हुन नसकेको उनीहरूको भनाइ छ ।

मृत्यु भएका व्यक्तिको परिचय भने औपचारिक रूपमा सार्वजनिक गरिएको छैन । ती व्यक्तिलाई बेलो होरिजोन्टमा रहेको सार्वजनिक अस्पतालमा उपचार गराइएको थियो । मिनास गेराइस राज्यका स्वास्थ्य अधिकारीहरूले त्यस प्रदेशमा मात्र ४४ जनामा मंकीपक्सको संक्रमण पुष्टि भइसकेको जनाएका छन् । अरू १३० जनामा त्यसको शंका गरिएको पनि उनीहरूको भनाइ छ ।

## भारतमा थपिए २० हजार संक्रमित

**काठमाडौं/एजेन्सी–** भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा २० हजारभन्दा बढी नयाँ संक्रमित भएका छन् । सरकारी अधिकारीहरूले शनिबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा २० हजार ४०८ जना नयाँ संक्रमित भएका हुन् ।

संघीय स्वास्थ्य मन्त्रालयले भारतमा अहिलेसम्म चार करोड ४० लाख १३८ जना कोरोना भाइरसबाट संक्रमित भएको जनाएको छ । ती मध्ये एक लाख ४३ हजार ३८४ जना अहिले पनि संक्रमित अवस्थामै रहेको मन्त्रालयको तथ्याङ्कमा देखिएको छ । पछिल्लो समय भारतमा दैनिक नयाँ संक्रमितहरूको संख्या र सक्रिय संक्रमितहरूको संख्या बढ्दै गइरहेको छ ।


**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/१० मा दर्ता भएको **प्रा.लि. नं.२५६६६९** को **भद्रकाली ए. एण्ड एस. ट्रेडिङ प्रा.लि.**को मिति २०७९/०४/१३ गतेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३५१**
**थापागाउँ, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८, इमेलः** advsanjay200@gmail.com



**रोमानियामा वैदेशिक रोजगारको अवसर**

कम्पनीः **AMEL INTERNATIONAL GROUP SRL** — शहर : **PRAHOVA**
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ — चलानी नं.: ६०१८३४४७ — LT. No.: 267540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | स. काममा दक्ष | 600 | ७६,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २५ गते (10 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

The River Overseas (P.)Ltd.
Gov. Lic. No 406/060/061
**The River Overseas Pvt. Ltd**
Battisputali, Gaushala, Kahtmandu, Nepal.
Tel: 01-4462431, 4462432, Fax: +977-1-4462430
Mobile: 9801247293 , 9801247216
Email: admin@theriveroverseas.com/Website:www.theriveroverseas.com
ISO 9001:2000 CERTIFIED ORGANISATION



**कुवेतमा रोजगारको अवसर** | कम्पनी : **THE BRIDGE GENERAL TRADING AND CONTRACTING CO** — शहरः KUWAIT
पुर्व स्वीकृत मितिः २०७९/०४/१३ — चलानी नं.: ६०१८३९५० — LT. No.: 268220

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 20 | 0 | स. काममा दक्ष | 170 | ७०,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner (Indoor) | 15 | 0 | | 90 | ३७,३१७ | | | | | | | |
| 3. | Watchman | 30 | 0 | | 90 | ३७,३१७ | | | | | | | |
| 4. | Room Attandant ( Indoor) | 0 | 20 | | 95 | ३९,३९० | | | | | | | |
| 5. | Clerk | 10 | 0 | | 160 | ६६,३४२ | | | | | | | |
| 6. | Diesel Mechanic | 5 | 0 | | 140 | ५८,०४९ | | | | | | | |
| 7. | Technician | 30 | 0 | | 130 | ५३,९०३ | | | | | | | |
| 8. | Welder | 5 | 0 | | 130 | ५३,९०३ | | | | | | | |
| 9. | Lifeguard | 5 | 0 | | 130 | ५३,९०३ | | | | | | | |
| 10. | Storekeeper | 6 | 0 | | 130 | ५३,९०३ | | | | | | | |
| 11. | Draftsman | 4 | 0 | | 270 | १,११,९५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

luna HR Solutions
Govt. Lic. No. 799/065/066
**Luna HR Solutions Pvt. Ltd.**
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



**चुरे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घरखेडा,कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको विक्री शुल्क संकलनका लागि विधुतीय बोलपत्र आव्हान सम्बन्धी सूचना**

**ठेक्का नः CRM/NCB/Goods/01/079/080**
**प्रथम पटक प्रकाशित मिती :- २०७९/०४/१५**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्ररिच्छेद ९ को दफा ६२ (क) अनुसार यस चुरे गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेको र घाटगद्दी तोकिएको ठूलीगाड खोलाबाट गिट्टी, बालुवा, भरान, ग्राभेल आदिको कुल संकलन घ. मि ३८,४०४.९ मात्र (बिक्रि प्रति घन. मि रु १०५.९६ भ्याट बाहेक) नदि जन्य पदार्थको (स्थानीय निर्माण सामग्री) बिक्रि गर्न सक्ने प्रावधान बमोजिम आ. व ०७९/०८० का लागि गाउँसभाबाट तोकिएको दर रेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागि तपशील बमोजिमको शर्तको अधिनमा रही ३० दिने विधुतीय बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिलका शर्तहरु :**

१. न्युनतम ठेक्का अंक रु ४०,६९,३८३.२ /- (चालिस लाख उनन्सत्तरी हजार तिन सय त्रियासी रुपैया बिस पैसा मात्र) (भ्याट बाहेक) कायम गरिएको छ ।
२. ठेक्का अवधि ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिदेखि ०८० साल जेष्ठ मसान्तसम्म कायम रहने छ ।
३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाइने छैन, तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।
४. विधुतीय माध्यमबाट बोलपत्र दाखिला गर्न इच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वाफतको रकम सनराइज बैंक सहजपुर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता नं **०८२०५२९९६३७०३००६** मा नगद रु ३,००० /- (पछि फिर्ता नहुने गरि) जम्मा गरेको भौचर समेत संलग्न गरि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र ३१ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ र बोलपत्र खोल्ने कार्य सोहि दिनको २ बजे हुने हुदा सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सो सम्बन्धी काम हुनेछ ।
७. बोलपत्र दर्ता गर्दा बोलपत्रतादाले आफुले कबोल गरेको ठेक्का अंक (भ्याट सहित) को ५ % रकम यस कार्यालयको सनराइज बैंक स्थित धरौटी खाता **(०८२०५२९९६३७०३००३)** मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ वा सो रकम बराबरको १२० दिन म्याद भएको “क” वर्गको बैंकले जारी गरेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । साथै बोलपत्र समावेश गर्नका लागि अनलाइन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ ।
८. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्न आउदा ठेक्का रकम (भ्याट सहित) लाई ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको २०८० अषाढ सम्म म्याद भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ ।
९. ठेक्काको किस्ता रकम तिन किस्तामा बुझाउनु पर्नेछ, जसमा पहिलो किस्ता सम्झौताको वखत, दोस्रो किस्ता पौष मसान्तभित्र र तेस्रो किस्ता जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ । तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा बैंक जमानतबाट अशुल उपर गरिनेछ ।
१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ र फरक परेमा अक्षरलाई मान्यता दिईने छ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्रि भएको म्याद नाघि आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।
११ यस शर्तमा लेखेका कुराहरु यसै बमोजिम र छुटेका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन । साथै कार्यगत शर्तका विवरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन ।
१२. स्वीकृत कार्य विवरण बमोजिम ठुलीगाड नदीको विभिन्न ६ ओटा स्थानबाट बालुवा, गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम ३८,४०४.९ घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिए बमोजिमको नदि घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन र बिक्रि गर्न पाइने छैन ।
१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
१४. यो सूचना चुरे गाउँपालिकाको वेभसाइट www.churemun.gov.np बाट समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१५ साउन २०७९, आइतबार
31 July 2022, Sunday

# बक्स अफिस समाचार

सौन्दर्य कला सम्बन्धी कार्यशाला, गोष्ठीहरुमा सहभागी भई आफुले सिकेका सीपका कुराहरु र अनुभवलाई नेपाली दिदी, बहिनीहरु माझ बाँड्दै आइरहेकी गीता शाहले सौन्दर्यकलाको क्षेत्रमा पुर्‍याएको योगदानको कदर स्वरुप विभिन्न संघ, संस्थाबाट अवार्ड, सम्मान तथा पुरस्कृत भइसकेकी छन् । सुदूरपश्चिम अछाममा जन्मिएकी गीता शाह दशक बढी समयदेखि काठमाडौंलाई कर्मथलो बनाएर निरन्तर सौन्दर्य कला व्यवसायमा अवद्ध रहँदै आएकी छन् । सौन्दर्य कलाको क्षेत्रमा विशिष्टता हासिल गरिसकेकी वरिष्ठ मेकअप आर्टिष्ट **गीता शाह** अहिले पनि आफ्नो क्षेत्रमा त्यति नै सक्रिय छिन् । उनले सौन्दर्यकला सम्बन्धी केन्द्रित रहेर **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानीको सम्पादित अंश :

## ‘सौन्दर्य कलाप्रति युवाहरुको आकर्षण अत्याधिक छ’



**गीता शाह**, वरिष्ठ मेकअप आर्टिष्ट

**तपाईं त चर्चित मेकअप आर्टिष्ट हुनुहुन्छ, कतिको व्यस्त हुनुहुन्छ ?**

पेशागत सफलतासँगै व्यवसायिक कार्यतालिकाले गर्दा म निकै व्यस्त रहन्छु । दैनिक पार्लरमा आउनु हुने सेवाग्राहीहरुलाई सेवा दिनुपर्छ भने अर्कोतिर प्रशिक्षार्थीहरुलाई पनि प्रशिक्षण दिनुपर्ने हुन्छ । साथसाथै समय समयमा मेरो पेशासँग सम्बन्धित संस्थाहरुले आयोजना गर्ने कार्यक्रममा पनि समय दिनुपर्ने हुन्छ ।

**सौन्दर्य प्रशिक्षक हुनुहुन्छ, कस्तो खालका दिदी, बहिनीहरु तालिम लिन आउनु हुन्छ ?**

मैले प्रशिक्षण दिने दिदी बहिनीहरुमा धेरै जसो सौन्दर्य कला व्यवसायमा संलग्न हुने उद्देश्यका लागि तालिम लिन आएका हुन्छन् । आफैं सीप सिकेर स्वावलम्बन हुन चाहने युवाहरु हुन्छन् । कहिले काहिँ सरकारले उपलब्ध गराउने स्वरोजगार तालिममा सहभागी युवा युवतीहरु पनि मेरा प्रशिक्षार्थी हुन्छन् जसको प्रमुख लक्ष्य आत्मनिर्भर भएर जीवन जीउने हुन्छ ।

**तपाईंले तालिम दिनुभएकाहरुको अवस्था अहिले कस्तो छ ?**

सौन्दर्य कला पेशा नै स्वरोजगार सिर्जना गर्ने र व्यवसायमा आत्मनिर्भर बनाउने सीपमुलक काम हो । त्यसैले सौन्दर्य कलामा सिर्जनशील व्यक्तिहरु आफ्नो पेशागत व्यवसायमा निक्कै सफल भएका छन् । स्वरोजगार बनेर बेरोजगारको समस्या हटाएका छन् । आर्थिक मामलामा सवल भएका छन् । र, सौन्दर्य कला सम्बन्धी आवश्यक तालिम लिएर वैदेशिक रोजगारमा जानेहरुको संख्या पनि धेरै नै छ ।

**सौन्दर्य व्यवसायलाई राज्यले हेर्ने दृष्टिकोण कस्तो छ ?**

नेपालको सन्दर्भमा सौन्दर्य व्यवसायलाई राज्यले पनि सहयोगी र सम्मनित पेशाको दृष्टिले हेर्दछ । यो बदलिँदो सामाजिक संरचना र समयको माग पनि हो । हाम्रो देशमा बेरोजगारको कहाली लाग्दो अवस्थालाई केही हदमा भएपनि सीपमुलक व्यवसाय भएकोले सौन्दर्य कला क्षेत्रले रोजगारीका अवसर सिर्जना गर्ने भएकोले पनि सरकारी भूमिका सकारात्मक रहँदै आएको छ ।

**सौन्दर्य कला व्यवसायलाई अझ प्रभावकारी र व्यवस्थित गर्न के गर्नु पर्ला ?**

हाम्रो जस्तो बेरोजगार प्रमुख समस्या रहेको देशमा स्वरोजगारको सिर्जना गर्ने सौन्दर्य कला व्यवसाय एउटा महत्वपुर्ण पेशा हो । यो पेशालाई अझ प्रभावकारी बनाउन सरकारी निकायबाट धेरै भन्दा धेरै तालिमको अवसर उपलब्ध गराउनु पर्छ । तालिम लिइसकेकाहरुलाई पनि उच्चस्तरीय तालिम दिलाउने व्यवस्था गर्नु पर्दछ । साथसाथै व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय सहयोग गरी व्यवसायिकरणको ज्ञान दिनु पनि उत्तिकै आवश्यक छ ।

**व्यवसाय सञ्चालन गर्न शुरुमा कति लगानी गर्नुपर्ला ?**

निश्चित पनि व्यवसाय सञ्चालन गर्न आवश्यक लगानी जरुरी हुन्छ । तर, पनि सौन्दर्य कला व्यवसाय लगानी भन्दा पनि व्यवसायीको सिर्जनशील कला, पेशा प्रतिको लगनशिलता र प्रयोग हुने सामग्रीको स्वस्थकर छनोट तथा आधुनिक औजारहरुको प्रयोगले नै सफलता हासिल गर्ने हो ।

**सौन्दर्य कला व्यवसाय महिलालेमात्र गर्छन् कि पुरुषहरुले पनि गर्दछन् ?**

कुनै पनि व्यवसाय लिङ्ग विशेष हुँदैन । हरेक महिला पुरुषलाई व्यवसाय गर्ने अधिकार रहन्छ । जहाँसम्म सौन्दर्य कला व्यवसायको कुरा छ हाम्रो देशको सामाजिक पुष्ठभूमिलाई केलाउँदा पुरुष भन्दा महिलाहरुको सहभागिता एकदमै बढी छ । सायद सेवाग्राहीहरु महिला धेरै भएर पनि हो कि या व्यक्तिगत रुचीले गर्दा हो महिलाहरुको संलग्नता अत्यधिक छ । मेरो विचारमा सौन्दर्य कला महिलासँग सम्बन्धित छ, महिलाहरुका लागि बढी आवश्यक छ, महिलाहरुले बढी रुचाएका हुन्छन् र यो महिला सुहाउँदो पेशा पनि हो ।

**युवा पुस्ता यो व्यवसायप्रति कतिको आकर्षित छन् ?**

आधुनिक जीवन शैलिमा सौन्दर्यताको ठुलो महत्व छ । हरेक युवा युवतिहरु आफुलाई अरुभन्दा भिन्न देखाउन लालायित छन् । त्यसैले युवाहरु आफ्नो सौन्दर्यताप्रति बढी सचेत र संवेदनशील छन् भन्दा पनि हुन्छ । वर्तमान अवस्थामा सौन्दर्य कलाप्रति युवाहरुको आकर्षण अत्याधिक छ । सायद कम लगानीमा स्वरोजगार बन्न सक्ने सम्भावनाले पनि हुन सक्छ ।

**यो व्यवसाय सञ्चालनमा बाधक पक्ष भनेको के हो ?**

सौन्दर्य कला व्यवसायको असफल पक्ष भनेको व्यवसायीको सीपमा अपूर्णता कला, सिर्जनामा अपूर्णता, व्यावसायिक तालिममा अपूर्णता र कला कौशलमा अपूर्णता नै हुन् ।

**तपाईंको पार्लरमा सेवा लिन आउनु हुने सेवाग्राहीले के कस्ता सेवा पाउनु हुन्छ ?**

हाम्रो पार्लरमा सौन्दर्यसम्बन्धी सम्पूर्ण सेवाहरु उपलब्ध छन् । महिलाहरुको दैनिक मेकअप देखि दुलही श्रृंगारसम्मका सेवा दिन्छौं । विभिन्न जात, जाती तथा धर्म विशेषका कार्यक्रममा सहभागिता हुनेहरुका लागि पनि आवश्यकता अनुसारको मेकअप सेवा दिन्छौं । सेवाग्राहीको आग्रहमा गीत, संगीत र फिल्मी क्षेत्रका कलाकारहरुको श्रृंगार सेवा पनि उपलब्ध छ ।

**आर्थिक रुपले यो व्यवसायलाई कसरी लिनु हुन्छ ?**

सौन्दर्य कला महिलाहरुको रुचीको विषय हो भने यो व्यवसाय पनि महिला सुहाउँदो पेशा हो । व्यक्तिहरुको आयस्रोतमा हुने वृद्धिसँगै खर्च गर्ने बानीमा पनि परिवर्तन भएको हुन्छ । महिलाहरुले व्यक्तिगत खर्च गर्ने पहिलो ठाउँ भने कै सौन्दर्यताका लागि हो । त्यसैले महिलाहरुको सौन्दर्यप्रतिको जागरण र उनीहरुको आय आर्जनमा भएको वृद्धिले सौन्दर्य कला व्यवसाय सफलताको शिखरमा छ । मिहिनेत अनुसारको कमाई अवश्य हुन्छ र आर्थिक उन्नतीको प्रभावशाली माध्यम बनेको छ ।

**सौन्दर्य कला व्यवसाय अंगाल्न चाहनु हुनेहरुको लागि तपाईं के सल्लाह दिनु हुन्छ ?**

सौन्दर्य कला व्यवसाय आफ्नो सीप, सिर्जना, कला र कौशलतामा आधारित व्यवसाय हो । त्यसैले यो व्यवसाय सञ्चालन गर्न रुची राख्नु हुनेहरुलाई सर्वप्रथम आफ्नो सीप, कला र कौशललाई निखार दिनु जरुरी छ । मिहिनेत र परिश्रमले अवश्य सफलता दिने छ ।

**तपाईं वरिष्ठ मेकअप आर्टिष्ट भएकोले हालसम्म के कस्ता सम्बन्धित प्रतियोगिताहरुमा निर्णायकको भूमिका निर्वाह गर्नु भएको छ ?**

मेरो पेशागत दक्षता र प्रतियोगिताको निश्पक्षताका लागि समय समयमा विभिन्न प्रतियोगिताका आयोजक संस्थाहरुले मेरो कार्य क्षेत्र सम्बन्धी प्रतियोगिताहरुमा निर्णायक बन्ने सुअवसर प्रदान गर्नु भएको छ । जसमध्ये पिम नेपाल फिल्म फेष्टिभल २०२०, मिसेज नेपाल ग्लाम २०२१, स्टार अफ दि मिलिनियम २०२१, हिमालय इन्टरनेशनल अवार्ड २०२२ मुख्य रहेका छन् । यसरी प्रतियोगिताहरुको निश्पक्षताका साथ मुल्यांकन गरी निर्णायक भएर आफ्नो निर्णय सुनाउन पाउँदा गौरवान्वित भएको महसुस हुन्छ ।

## ‘छक्कापञ्जा ४’ सुटिङबाट बाहिरियो दीपकराजको लुक्स




**काठमाडौं/मस–** फिल्म ‘छक्का पञ्जा ४’को छायांकनको एउटा दृश्य टिकटकमा भाइरल भएको छ । भिडियोमा राजा पात्र (दीपकराज गिरी) चारखालको सुधार गृह (कारागार) बाट निस्किएको देखिन्छ भने उसलाई बाजागाजासहित भव्य स्वागत गरिएको छ । यो सिन फिल्ममा राजा पात्रको इन्ट्री हुँदाको हुनसक्ने आँकलन गर्न सकिन्छ । फिल्मको महत्वपूर्ण सिन टिकटकमा बाहिरिएपछि निर्माण टिम तनावमा देखिएको छ ।

यसअघि फिल्म ‘ए मेरो हजुर ४’को पनि छायांकनको सिनहरु टिकटकमा भाइरल भएको थियो । एउटा सिन खिच्न निर्माण टिमले लाखौं खर्च गरेको हुन्छ । तर, टिकटकको फलोअर्स बढाउने लोभमा फिल्मको सिन खिचेर हालिदिँदा निर्माताको पैसा र मिहिनेत दुवै पानीमा मिल्छ । ‘छक्का पञ्जा ४’ टिम अब टिकटकमा बाहिरिएको सिन फिल्ममा राख्ने वा अर्को सिन खिच्ने भन्नेमा दोधार छ ।

हेमराज विसीको निर्देशनमा तयार भइरहेको फिल्ममा दीपकराजसँगै बेनिशा हमाल, केदार घिमिरे, दीपाश्री निरौला, राज आचार्य, निर्मल शर्मा, नीर शाह, शिशिर बाङ्देल लगायतको अभिनय छ । फिल्मको एउटा महत्वपूर्ण सिन टिकटकमा भाइरल भएपछि निर्माताले अब सुटिङ स्थलमा टिमका सदस्यसँगै बाहिरी व्यक्तिको मोबाइल पनि बन्देज गर्ने नीति बनाएको जानकारी प्राप्त छ ।

## स्कुल अफ व्युटीसियन आइटिसीको १९ औं वार्षिकोत्सव सम्पन्न




**काठमाडौं/मस–** स्कुल अफ व्युटीसियन आइटिसी स्किल डेभलपमेन्ट ट्रेनीङ सेन्टरको १९ औं वार्षिकोत्सव सम्पन्न भएको छ । वरिष्ठ सौन्दर्यविद् रुस्का श्रेष्ठ बैद्यले ‘स्कुल अफ व्युटीसियन’को स्थापनाको १९ औं वार्षिकोत्सव एक भव्य समारोहबीच मनाएकी हुन् । उनको ट्रेनीङ सेन्टर, ब्युटिपार्लर काठमाडौंको नक्साल र काभ्रेको बनेपामा रहेको छ ।

प्रमुख अतिथि राज्यश्री श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विशेष अतिथिमा वरिष्ठ व्युटीसियन कमला श्रेष्ठ मल्टिपल काउन्सिल चेयार्पर्सन लायन केशव पाण्डे रहेका थिए । ‘स्कुल अफ व्युटीसियन’ आइटिसी स्किल डेभलपमेन्ट ट्रेनीङ सेन्टर बाट व्युटीसियन प्रशिक्षण लिएका १०० जना व्युटीसियन विधार्थीहरुलाई उक्त कार्यक्रममा सम्बन्धित कोर्ष उतीर्ण गरेको प्रमाणपत्र प्रदान गरिएको थियो ।

वार्षिकोत्सव समारोहमा बोल्दै रुस्का श्रेष्ठ बैद्यले १९ वर्ष अगाडि स्थापना गरेको यो स्कुल अफ व्युटीसियनले प्रशिक्षण र व्युटी सेवा दुबै क्षेत्रमा योगदान दिँदै आएको बताइन् । हजारौं नारीहरुलाई सौन्दर्य सीप सिकाएर रोजगारसहित आत्मानिर्भर बनाउन पाउँदा खुसी लागेको उनले बताइन् । १९ वर्षको अवधिमा आफुले काठमाडौं र बनेपामा गरी करिब ११ हजार भन्दा बढी व्युटीसियनहरुलाई प्रशिक्षण दिएर यो पेशामा ल्याएको पनि बताइन् ।

डिस्ट्रिक गभर्नर लायन उत्तम झा, अभिनेता प्रसान्त ताम्राकार, पूर्व मिस नेपाल उषा खड्की वरिष्ठ सौन्दर्यविद्हरु सिता पाठक, सोनी कारँजित, सुमित्रा रँजित, रश्मिला श्रेष्ठ, लक्ष्मी महत, रचना शाक्य, रिना अवाले, रेणु शाक्य राना र दिक्पाल कार्की, संचारकर्मी सुर्य चन्द, पत्रकार डब्बु क्षेत्रि, महेश केसी, फेसन डिजाइनर काजल शर्मा, सौन्दर्यकर्मी मेनुका सिवाकोटी, कमला लामिछाने, सजना कार्की, सुमी श्रेष्ठ, गायिका ऋतु कंडेल, सीटीईभीटी बागमती प्रदेशका निर्देशक तैलेन्द्र आचार्य, सांग्रिला डेभलपमेन्ट बैंक बालुवाटार शाखा प्रमुख अपूर्व जोशी सहित विभिन्न सौन्दर्यकर्मीहरुले वरिष्ठ सौन्दर्यविद् रुस्कालाई बार्षिकोत्सवको बधाई तथा शुभकामना दिएका थिए ।

विभिन्न सांस्कृतिक कार्यक्रम, सम्मान कार्यक्रमको साथमा केक काटेर मनाइएको सो कार्यक्रममा उद्यमी महिला, व्युटीसियनसहित समाजका विभिन्न प्रतिष्ठित व्यक्तिहरु तथा संचारकर्मीहरुको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन मोडल रुबिश्का श्रेष्ठले गरेकी थिइन् ।

## समान्थाले किनिन् पूर्व पति नागाको घर



**काठमाडौं/एजेन्सी–** साउथ फिल्म स्टार समान्था रुथ प्रभुको नाम पूर्व पति तथा अभिनेता नागा चैतन्यलाई लिएर प्रायः जोडिने गरेको छ । यिनै समान्थाले हालैमात्र नागाको हैदाराबादस्थित एक पुरानो घर किनेकी छन् । यो घर किन्न उनले दुई गुना बढी पैसा तिर्नु परेको छ ।

सन् २०२१ मा समान्था र नागाले सामाजिक सञ्जालमार्फत सम्बन्धविच्छेदको घोषणा गरेका थिए । त्यसपछि उनीहरुको बाटो सदाका लागि अलग-अलग रह्यो ।

तर हैदराबादस्थित नागाको यो घर समान्थाले किनेपछि पुनः यो जोडी चर्चामा छन् । उनले किनेको यो घरमा कुनै समय उनी नागासँग बस्थिइन् । तर सम्बन्धविच्छेदपछि दुवैको सहमतिमा यो घर बेचिएको थियो । अहिले पुनः यो आलिशान घरलाई समान्थाले दुई गुना मूल्यमा किनेकी छन् ।

लामो समयदेखि ठूलो पर्दामा नदेखिएकी समान्था चाँडै नै फिल्म ‘यशोदा’मार्फत दर्शकमाझ पुनरागमन गर्दैछिन् । यो तमिल फिल्म अगष्ट १२ मा रिलिज हुँदैछ ।

# महिला साफ : नेपाल सहज समूहमा



**काठमाडौं/मस-** घरेलु मैदानमा आयोजना हुने महिला साफ च्याम्पियनसिप फुटबलमा नेपाल सहज समूहमा परेको छ । दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले शनिबार समूह विभाजन गर्दा नेपाल समूह बी मा परेको हो । यस समूहमा नेपालसहित श्रीलंका र भुटान छन् ।

नेपालले हालसम्म साफ च्याम्पियनसिपमा श्रीलंका र भुटानविरुद्ध सबै खेलमा जित हासिल गरेको छ । यस्तै, समूह ए मा साविक विजेता भारत, माल्दिभ्स, बंगलादेश र पाकिस्तान छन् ।

२१ भदौदेखि ३ असोजमा दशरथ रंगशालामा हुने प्रतियोगितामा सात देशको सहभागिता रहनेछ । साफ च्याम्पियनसिपका लागि नेपालले बन्द प्रशिक्षण शुरु गरिसकेको छ । साफका लागि मुख्य प्रशिक्षक कुमार थापाले ५८ महिला खेलाडीलाई प्रारम्भिक छनोटमा बोलाएका छन् । थापा यसअघि सन् २०१५ को साफ च्याम्पियनसिपमा पनि प्रशिक्षक रहेका थिए ।

नेपालले यस अघि पाँचौं संस्करणको महिला साफ आयोजना गरेको थियो । विराटनगरमा आयोजना भएको साफको उपाधि भारतले जितेको थियो । नेपाल फाइनलमा भारतसँग पराजित भएको थियो । हालसम्म ५ संस्करणमध्ये नेपाल ४ पटक फाइनलमा भारतसँग पराजित भएको छ । सन् २०१५ मा भने नेपाल भारतसँग सेमिफाइनलमा रोकिएको थियो ।

बन्द प्रशिक्षणका लागि बोलाइएको खेलाडीहरुमा गोलकिपर एन्जिला सुब्बा, अञ्जना राना मगर, उषा नाथ, कविता विक, सम्झना चौधरी र सावित्री किशन, डिफेन्डर अमृता जैशी, गीता राणा, पुनम जर्घा मगर, हिरा कुमारी भुजेल, पूजा राना, विमला विक, सिर्जना सिंह, निशा ठोकर, सलोनी राना मगर, सिर्जना चेम्जोङ, समीक्षा घिमिरे, खुस्मा राई, गंगा गुरुङ, मोनिका कुश्वार, सबिना चौधरी, रोजिना श्रेष्ठ, रेणुका हमाल, कुमारी तामाङ, रेविका पाण्डे र मोनिका पुलामी मगर रहेका छन् ।

त्यस्तै मिडफिल्डर सुनकला राई, रेणुका नगरकोटे, दिलकुमारी राना मगर, पूर्णिमा हमाल, सरु लिम्बु, विमला चौधरी, अनिता बस्नेत, प्रीति राई, दीपा राई, इन्दिरा राई, मञ्जली कुमारी योञ्जन, निर्मला उपाध्याय, दीपा शाही, हिमा चौधरी, वीरेन्द्र चौधरी ऐयर, सुमित्रा सिंह पाखिन, दीपा न्यौपाने, सिर्जना खड्का र सञ्जु कुमाल, फरवार्ड सावित्रा भण्डारी, अनिता केसी, सरस्वती रोकाया, निर्मला विक, सविता राना मगर, रश्मीकुमारी घिसिङ, रजनी थोकर, चन्द्र भण्डारी, अमिषा कार्की, रेखा पौडेल, कुसुम खतिवडा र सदिपा भोलन रहेका छन् ।

## साफ यु-२० च्याम्पियनसिप

# आज नेपाल र भारत भिड्दै



**काठमाडौं/मस-** भारतको भुवनेश्वरमा जारी साफ यु-२० च्याम्पियनसिप अन्तर्गतको तेस्रो खेलमा आइतबार नेपालले आयोजक भारतको सामना गर्दैछ । नेपाल र भारतबीचको खेल नेपाली समयअनुसार आइतबार साँझ सवा सात बजेबाट कालिङ्गा स्टेडियममा शुरु हुनेछ ।

पाँच टिमबीच राउन्ड रोबिनको आधारमा जारी प्रतियोगितामा नेपालले लगातार दुई खेल जितेको छ, भने भारतले एक खेलमा पराजय तथा एक खेलमा जित हात पारेको छ ।

नेपालले पहिलो खेलमा माल्दिभ्सलाई ४-० तथा दोस्रो खेलमा श्रीलंकालाई ३-० ले पराजित गरेको थियो । यता भारतले भने पहिलो खेलमा बंगलादेशसँग २-१ ले पराजित हुँदा दोस्रो खेलमा श्रीलंकालाई ४-० ले पाखा लगाएको थियो । यता बंगलादेशले भने लगातार तीन खेल जितेको छ ।

अघिल्ला दुबै खेल जितेको नेपालले भारतलाई पनि पराजित गर्दै जितको यात्रा कायम गर्ने लक्ष्य राखेको छ । नेपाली टिमका मुख्य प्रशिक्षक मेघराज केसीले भारतविरुद्ध जितका लागि खेल्ने बताए ।

'हामी नेपालबाट भारत आउँदा नै चारवटा देशसँग खेल्न भनेर आएका हौँ, र हामीले सबै प्रतिस्पर्धी टिमलाई एकै नजरले हेरिरहेका छौँ । हामी हाम्रो टिममा विश्वास गर्छौं । नेपालले मेहनत अनुसारको प्रदर्शन गर्नेमा ढुक्क छु । नेपालले भारतविरुद्ध जितका लागि खेल्नेछ,' केसीले भने । प्रशिक्षक केसीका अनुसार टिममा कुनै समस्या नरहेको तथा कुनै पनि खेलाडी घाइते नरहेको बताए ।

प्रतियोगिताको अंक तालिकामा बंगलादेश शीर्ष स्थानमा छ । ३ खेलमा ९ अंक जोड्दै बंगलादेश फाइनलमा पुग्ने लगभग पक्का देखिन्छ । दोस्रो स्थानको नेपालको २ खेलमा ६ अंक छ । भारत २ खेलमा ३ अंकसाथ तेस्रो स्थानमा छ । पुछारमा रहेका माल्दिभ्स र श्रीलंकाले कुनै अंक जोडेका छैनन् । ३ खेल हारेको श्रीलंका समूह चरणबाट बाहिरिँदा माल्दिभ्सको सम्भावना अंक गणितमा सीमित छ ।

नेपालले अन्तिम खेल बंगलादेशविरुद्ध अगस्ट २ मा खेल्नेछ । राउन्ड रोबिनको खेलपछि शीर्ष दुई टोली फाइनल प्रवेश गर्नेछन् । फाइनल अगस्ट ५ मा हुनेछ ।

# आहा रारा गोल्डकप घाटामा




**कास्की/रासस-** पोखराको प्रतिष्ठित फुटबल प्रतियोगिता आहा रारा गोल्डकपको २०औँ संस्करणमा आयोजकलाई तीन लाख ४७ हजार ८०० रुपैयाँ घाटा लागेको छ । प्रतियोगिताको आयोजक सहारा क्लब पोखराले पत्रकार सम्मेलन आयोजना गरी आयव्यय सार्वजनिक गरेको हो । प्रतियोगितामा विभिन्न प्रायोजन तथा संघ-संस्थाबाट कुल आम्दानी ६६ लाख ४१ हजार १८१ भएकामा खर्च ६९ लाख ८९ हजार रुपैयाँ भएको क्लबले जनाएको छ ।

कोभिड-१९ को संक्रमणका कारण सेमिफाइनल र फाइनल खेलबाहेक बिनादर्शक खेलाइएको प्रतियोगितामा १२ लाख ६२ हजार ८२६ नोक्सान भए पनि विषम् परिस्थितिलाई मध्यनजर गरी सहारा हङकङबाट पाँच लाख एक हजार, सहारा यूकेबाट तीन लाख र सहारा अष्ट्रेलियाबाट एक लाख रुपैयाँ थप सहयोग प्राप्त भएकाले नोक्सान कम भएको अर्थ संकलन उपसमिति संयोजक सुनिल गुरुङले बताए ।

प्रतियोगितालाई मुख्य प्रायोजक हिमश्री फुड्सबाट १३ लाख ५१ हजार, गण्डकी प्रदेश खेलकुद परिषद्बाट पाँच लाख, राष्ट्रिय खेलकुद परिषद्बाट चार लाख ९२ हजार रुपैयाँसहित विभिन्न संघ-संस्थाबाट सहयोग प्राप्त भएको थियो ।

यसैगरी, खेलाडी दैनिक भ्रमण खर्चमा २७ लाख ४८ हजार १५०, टिम प्रोत्साहन खर्च १७ लाख ९३ हजार ९५०, रेफ्री खर्च चार लाख २६ हजार ८८५, प्रचारप्रसार, आयोजक टिम तयारीलगायत शीर्षकमा खर्च भएको क्लबले जनाएको छ ।

गत माघ ६ देखि १५ गतेसम्म २०औँ संस्करणको प्रतियोगिता सञ्चालन भएको थियो । प्रतियोगिताको उपाधि सशस्त्र प्रहरीको नेपाल एपीएफ फुटबल क्लबले जित्दा मनाङ-मर्स्याङ्दी फुटबल क्लब उपविजेता बनेको थियो । सहाराले फुटबल प्रतियोगिता आयोजनाबाट संकलित रकमबाट सहारा फुटबल एकेडेमी सञ्चालन गर्दै आएको छ ।

# कुलदिप भारतीय क्लबमा अनुबन्धित




**काठमाडौं/मस-** डिफेन्डर कुलदिप कार्की भारतीय क्लब रेल्वे एफसीमा अनुबन्धित भएका छन् । ए डिभिजन क्लब जावालाखेलबाट खेल्दै आएका कुलदिपलाई एक सिजनको लागि अनुबन्ध गरिएको रेल्वेले सामाजिक संजालमार्फत जनाएको छ । तर अनुबन्ध रकम भने खुलाएको छैन ।

कुलदिपले अब रेल्वेबाट कलकता फुटबल लिग खेल्ने छन् । कुलदिपले गत सिजन ए डिभिजन लिगमा जावलाखेलको कप्तानी गरेका थिए ।

कुलदिपले एफसी चितवनबाट पहिलो सिजनको नेपाल सुपर लिग खेलेका थिए ।

यसअघि ए डिभिजन क्लब थ्रीस्टारका मिडफिल्डर मनग्य नकर्मी कोलकता लिग क्लब खिदिरपुर स्पोर्टिङ क्लबले अनुबन्ध गरेको थियो ।


## मलेसियामा रोजगार | कम्पनी: CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/04/१3 चलानी नं.: ६०१८३९८६ LT. No.: 268020

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

## कतारमा रोजगार | कम्पनी: Foodsetup Trading Gamp; Restaurants Management Wll शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/०३/०१ चलानी नं.: ६०१८१०९८ LT. No.:265027

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cheef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Confectioner | 1 | 0 | | 1500 | ५२,१४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 4112748
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## मलेसियामा रोजगार | कम्पनी : ALLSAFE GUARDS SDN BHD शहर: JALAN

पुर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१५७ L.T. No.: 266176

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 0 | स. काममा दक्ष | 1500 | ३४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ साउन २२ र २३ गते (7 & 8 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Basundhara-5, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी: CDG PRODUCTS SDN BHD हर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/१०/०८ चलानी नं.: ६०१५०३३२ LT. No.: 231311 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 14 | 0 | स. काममा दक्ष | 1100 | ३१,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्सः ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

## Malaysia मा रोजगार | कम्पनी : GPI TECHNOLOGY SDN BHD शहर: Malaysia,Port Klang

पुर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८१९१२ LT. No.: 265934 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 21 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : BEST GLOBAL MANAGEMENT SDN BHD शहरः KUALA LUMPUR

पुर्व स्वीकृत मितिः २०७९/०३/०२ चलानी नं.: ६०१८११३० LT. No.: 265127 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 36 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Creative Placement Services Pvt. Ltd.**
Govt. Lic. No. 289/058/059
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org

## कुवेतमा रोजगार | कम्पनी: AL HAZM SECURITY CO. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०१/१५ चलानी नं.: ६०१७८७१३ L.T. No.: 262396 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 21 | 18 | स. काममा दक्ष | 125 | ५१,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**CHANDANI MANAGEMENT SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522
Email: chandanimanpower@gmail.com/website: cmsmanpower.com

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
१५ साउन २०७९, आइतबार
31 July 2022, Sunday

यतिबेला स्वास्थ्य सामाजिक सुरक्षाको क्षेत्रमा काम गरिरहेको एकमात्र निकाय स्वास्थ्य बीमा बोर्डले आफ्नो कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न नसकेको आवाज उठेको छ । स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भएका केही स्वास्थ्य संस्थाहरुले बीमा सेवा बापतको भुक्तानी नपाएको भन्दै सेवा बन्द गरेको घोषणा समेत गरेका छन् । वास्तवमा स्वास्थ्य बीमा बोर्डले आफ्नो कार्यक्रम कसरी सञ्चालन गरिरहेको छ ? के स्वास्थ्य बीमा कार्यक्रम असफल हुन लागेको हो ? प्रस्तुत छ, यस्तै स्वास्थ्य बीमा बोर्ड सँग सम्बन्धित यस्तै समसामयिक विषयमा बोर्डका कार्यकारी निर्देशक **डा. दामोदर बसौला**सँग मध्यान्ह राष्ट्रिय दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘स्वास्थ्य बीमा असफल होइन सफलतातर्फ उन्मुख छ’





**डा. दामोदर बसौला**
कार्यकारी निर्देशक, स्वास्थ्य बीमा बोर्ड

**पछिल्लो समयमा स्वास्थ्य बीमा बोर्डबाट समयमा बीमा बापतको शुल्क भुक्तानी नपाएको कुरा धेरै अस्पताल र मेडिकल कलेजहरुले गरेको देखियो । कतिपय मेडिकल कलेजहरुले त स्वास्थ्य बीमा कार्यक्रम नै बन्द गरेको घोषणा गरेका छन् ? बोर्डले किन समयमा नै बीमा बापतको भुक्तानी पाउन सकेनन् ?**

स्वास्थ्य बीमा बोर्डमा सूचिकृत भएका ४ सय ५० वटा सरकारी, निजी, सामुदायीक र मेडिकल कलेजहरु रहेका छन् । बोर्डले गत आर्थिक वर्षको साउन महिनादेखि असार मसान्तसम्म कसलाई कति भुक्तानी गर्यो भनेर त्यसको तथ्यांक सार्वजनिक नै गरेका छौं । यो वर्ष बोर्डले ९ अर्ब ५३ करोड ५३ लाख ४८ हजार ३ सय ३७ रुपैयाँ भुक्तानी गरेको छ । सो भन्दा अघिल्लो आर्थिक वर्ष ०७७/७८ मा ४ अर्ब ८२ करोड भुक्तानी भएको थियो । आर्थिक वर्ष ०७७/७८ को तुलनामा गत आर्थिक वर्षमा १ सय ९७ प्रतिशत बढी भुक्तानी गरेका छौं । मुख्य कुरा के हो भने अस्पतालले स्वास्थ्य बीमा वापतको उपचार गरेर भुक्तानी बापत रकम दाबी गरिसकेपछि सोही महिनामा नै भुक्तानी गर्न सकेका छैनौं । भुक्तानी नै भएन भन्ने कुरा चाहिँ होइन ।

नेपालमा स्वास्थ्य बीमा कार्यक्रम शुरुवात भएको आर्थिक वर्ष ०७२/७३ बाट हो । तर हामीले स्वास्थ्य बीमा कोष सञ्चालन गरेको १ वर्ष भयो । सो कोष सञ्चालन गर्न भन्दा अगाडि अर्थमन्त्रालयबाट एलएमबिआइएसमार्फत प्राप्त हुने गर्दथ्यो । १ वर्षभरीमा अस्पतालहरुलाई भुक्तानी गर्नुपर्ने रकम छुट्याइएको हुन्थ्यो । यसरी छुट्याइएको रकममध्ये असार मसान्तसम्म भुक्तानी हुन बाँकी रहेको हिस्सा फ्रिज भएर सरकारको खातामा नै फिर्ता हुने गर्दथ्यो । ०७७/७८ भन्दा अगाडि अस्पतालहरुलाई भुक्तानी गर्न भनेर आएको रकम वर्षको अन्त्यमा सबै खर्च नभएर फिर्ता हुन्थ्यो । सबै दाबी रिभ्यू नहुनेहुँदा सो अवस्था रहेको थियो । त्यतिबेलासम्म बोर्डको कार्यक्षेत्र थोरै रहेको अवस्था थियो । सेवा लिनेको संख्या पनि थोरै थियो । त्यसो हुँदाहुँदै पनि सबै दाबी रिभ्यू नभएर पैसा फिर्ता हुने अवस्था रहेको थियो ।

पछिल्ला २ वर्षमा हामीले विगतमा रिभ्यू गर्न बाँकी रहेका सबै दाबीलाई रुजु गरेर भुक्तानी गर्ने काम गर्यौं । गत आवमा हामीले ६४ लाख भन्दा धेरै दाबी रुजु गरेर भुक्तानी गर्यौं । यो संख्या भनेको अघिल्ला वर्षहरुको समेत हो । अहिले गत आवको चैत महिनादेखि असार मसान्तसम्मको दाबी रुजु भइरहेको छ । झण्डै ५ अर्ब रुपैयाँजति असार सम्मको बाँकी भुक्तानी गर्नुपर्ने अवस्था रहेको छ ।

**रुजु गर्ने प्राविधिक काम बाँकी रहेको विषयसँगै भुक्तानीको लागि आवश्यक पैसाको पनि समस्या भएर भुक्तानीमा ढिलाई भएको त होइन ?**

हामीले बीमा कोष बन्नुभन्दा अगाडिको ४ अर्ब ८२ करोड भुक्तानी गर्दा बोर्डलाई ३ अर्ब ९० करोड नपुगेको अवस्था थियो । सो रकम हामीले गत आवमा माग गरेका थियौं । तर, सो अघिल्लो वर्षको दायित्वबापत भनेर सरकारले गत आबको बैशाखमा आएर १ अर्ब रुपैयाँ मात्रै दियो । बाँकी असार महिनासम्म प्राप्त गर्ने आश्वासन भएतापनि प्राप्त भएन । यसरी सरकारले दिएर बाँकी रहेको भुक्तानी हामीले बीमाकोषबाट गरेका छौं ।

पैसा नभएर भुक्तानी रोकिएको भन्दापनि भुक्तानीको लागि अस्पतालबाट आएको दाबीलाई रुजु गर्नपर्छ । सरकारी कोषको पैसा अस्पतालले दाबी गर्नेवित्तिकै बिना रुजु दिन मिल्दैन । दाबी रुजु गर्ने नियम छ । स्वास्थ्य बीमा ऐन, नियमावली र कार्यविधिको आधारमा टेकेर प्रमाणित गरेर सो काम गर्नुपर्छ । दाबी गरिएको प्रमाण पुग्ने कागज छ की छैन भनेर हेर्नुपर्छ । बोर्डमा दाबी समिक्षा शाखा छ । त्यसमा सम्बन्धित जनशक्ति छन् । उहाँहरुले प्रकृयागत रुपमा हेरेर ठिक भएको आधारमा भुक्तानी गर्ने हो ।

अहिले ७७ वटै जिल्लामा कार्यक्रम सञ्चालन भएको छ । सेवाग्राहीको संख्या पनि ठुलो छ । त्यसैले दाबी भुक्तानी माग गर्ने संख्या पनि ठुलो रहेको छ । अहिले दैनिक २५ देखि ३० हजारको संख्यामा भुक्तानीको लागि दाबी आएको अवस्था छ । त्यसलाई अटोमेटिक रुपबाट रुजु गर्ने अहिलेसम्म प्रणाली विकास भएको छैन । म्यानुअल्ली ठुलो संख्यामा रुजु गर्नको लागि बोर्डसँग आवश्यक जनशक्ति पनि नभएको कारणले ढिलो भएको हो ।

बाँकी रहेका भुक्तानी यही साउन महिनामा गर्छौं, अनि भदौ महिनामा गर्छौं । क्रमशः गर्दै जान्छौं ।

**आवश्यक जनशक्तिको र रुजुको सन्दर्भमा बोर्डको तर्फबाट पहल भएका छैनन ?**

बोर्डले स्थायी दरबन्दी संगठन संरचना बनाएर १५ महिना अगाडि नै पेश गरिसकेको छ । त्यो संरचनामा हामीले ९ सय ८२ जना दरबन्दीको व्यवस्था गरेका छौं । अहिले बोर्ड अस्थायी दरबन्दीअनुसार सञ्चालन भएको अवस्था छ । सोअनुसार पनि ३ सय ८० दरबन्दी हो । सोही दरबन्दी अनुसार पनि कर्मचारी नभएको अवस्था छ ।

दाबी समिक्षाको लागि अब हामीले नयाँ प्रविधिको विकास गर्नुपर्छ । म्यानुअल्ली मानिसले हेरेर रुजु गर्न सम्भव हुँदैन । अहिलेको अवस्थामा स्वास्थ्य बीमामा ५७ लाख नागरिक जोडिएका छन्, आगामी दिनमा सो संख्या थप बढ्ने अवस्था छ । दाबी परिक्षण गर्ने व्यक्तिको संख्या बढाएर मात्रै हुँदैन । नयाँ प्रविधिको विषयमा हामीले अध्ययन गरेका छौं, त्यो लागु गर्नको लागि सफ्टवेयर निर्माण गर्ने र सेवा प्रदायक संस्थाहरुमा पनि सो खालको संरचना एवं साधनस्रोत भैसकेको हुनुपर्छ । हामीले ३/४ वर्षदेखि स्वास्थ्य बीमाको स्किमलाई परिमार्जन पनि गरेका छैनौं । अब विस्तारै सुधार हुन्छ ।

चालु आवको लागि बीमा बोर्डले नीति तथा कार्यक्रम निर्माण गरेर सार्वजनिक गरिसकेको छ । सो नीति तथा कार्यक्रम हामीले स्वास्थ्य मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पनि दिइसकेका छौं । सो नीति तथा कार्यक्रममा नै हामीले रुजु गर्ने पद्दतीलाई नयाँ ढंगले गर्ने विषयलाई समावेश गरेका छौं ।

**स्वास्थ्य बीमा कार्यक्रम दिगो रुपमा सञ्चालन हुन सक्दैन भन्ने कुराको आवाज पनि उठेको छ । यसको दिगो व्यवस्थापनको विषयमा के भन्नुहुन्छ ?**

स्वास्थ्य बीमा भनेतापनि यो खासमा स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रम हो । त्यसैले यो कार्यक्रम भनेको राज्यले गर्ने कुरा हो । नागरिकबाट लिएको रकम र भुक्तानीकोबीचमा ठुलो अन्तर रहेको छ । सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रममा सरकारले नै ७ प्रकारको लक्षित समूह भनेर किटान गरेको अवस्था छ । ७० वर्ष काटेका जेष्ठ नागरिक, पहिचान भएका गरिवहरु, कडा खालको टिभी रोग लागेका नागरिकहरु, कुष्ठरोगी, एचआइभी संक्रमित भएकाहरु, अपांगहरु र महिला स्वास्थ्य स्वयंसेविका लगायतको ७ वर्गलाई बीमा बापत लाग्ने प्रिमयम नै राज्यले अनुदानको रुपमा दिने हो ।

पैसा तिर्न सक्ने अरु बिमितहरुले प्रिमियम प्रदान गर्छन् । यो पारस्परिक सामाजिक साझेदारीको कार्यक्रम हो । यो अन्तर्गत सक्नेले नसक्नेलाई, धनीले गरिबलाई सहयोग गर्ने हो । यहाँ जसलाई आवशकता पर्छ त्यसले सेवा लिने हो । आवश्यकता नपर्नेले दिएको सहयोग पर्नेले लिन्छ । ऐनमा सबै नेपाली नागरिक स्वास्थ्य बीमामा आवद्ध हुनुपर्ने भन्ने व्यवस्था रहेको छ । त्यस्तै औपचारिक क्षेत्रलाई स्वास्थ्य बीमामा आवद्ध गर्नुपर्दछ । त्यो अवस्थामा राज्यले प्रिमियम दिने बाहेक सबै नेपाली नागरिकको प्रिमियम रकम स्वास्थ्य बीमा कोषमा आउने अवस्था रहन्छ ।

बीमा नियमावलीमा औपचारिक क्षेत्रमा काम गर्नेहरुलाई लाग्ने प्रिमियमको १ प्रतिशत सम्बन्धित व्यक्तिले र १ प्रतिशत रोजगार दाताले थपिदिने भन्ने व्यवस्था रहेको छ । यसो गर्दा बीमाकोषमा ठुलो हिस्सा रकम जम्मा हुन आउँछ । औपचारिक क्षेत्रको बीमा शुरुवात गर्नैपर्छ । यो कुरा ऐनमा नै व्यवस्था रहेको छ । त्यसको लागि हामीले पहिला यो चालु आवबाट हामीले बोर्डबाट शुरु गर्दैछौं र सरकारका अरु अंगहरुमा पनि लागु गर्ने कुरामा हामीले पहल गर्छौं ।

दक्षिण कोरियाले स्वास्थ्य बीमा शुरुवात गरेको ५६ वर्षमा बल्ल एक हिसाबले नाफामा वा राज्यको सिधा दायित्व कम गरेर सञ्चालन गर्ने अवस्थामा पुगेको छ । यस्तो कार्यक्रमलाई सफल बनाउनको लागि राज्यले एउटा समयसम्म लगानी गर्नुपर्छ । हामी स्वास्थ्य बीमाको क्षेत्रमा अरु मुलुकहरु भन्दा धेरै तिव्र गतिमा छौं । कीनकी हामीले यो कार्यक्रम सञ्चालन गरेको भर्खर ६ वर्ष भएको छ । ६ वर्षमा हामीले ५६ लाख नागरिकलाई बीमाको दायरामा ल्याइसकेका छौं ।

अहिले वृद्ध तथा दिर्घरोगीहरुले स्वास्थ्य बीमामार्फत सेवा लिएर नियमित चेकजाँच र औषधी सेवनबाट जीवनको आयु नै बढाएका छन् । अर्को जो गरिवले स्वास्थ्य बीमाको कार्यक्रममार्फत नै नियमित चेकजाँच गरेर ठुलो रोग लाग्नबाट बच्न थालेको छ । जब हामीले सबै नागरिकलाई बीमाको दायरामा ल्याउछौं, त्यसपछि सबै नागरिकलाई एकैपटक उपचारको आवश्यक पर्दैन र स्वभाविक रुपमा यो कार्यक्रम दिगो रुपमा अगाडि बढ्छ । त्यसैले स्वास्थ्य बीमा असफल होइन, सफलतातर्फ उन्मुख छ ।

**के बीमा बोर्डले बीमा प्रिमियम शुल्क, सेवाको दायरा र सेवा बिन्दुलाई बढाउने योजनामा रहेको छ ?**

पहिला प्रिमियम २५०० सय रहेको र सेवा ५० हजार सम्मको लिन सकिने अवस्था रहेको थियो । अहिले ३५०० रुपैयाँ प्रिमियम रहेको र सेवा १ लाख सम्मको लिन सकिने अवस्था रहेको छ । यसको समयसापेक्ष वृद्धि गर्नको लागि अनुसन्धान गर्नुपर्छ । त्यसैले हामीले यो कुरालाई पनि मध्यनजर गरेर त्यसको लागि जनशक्तिको व्यवस्था गर्न खोजेका छौं । अस्पतालका प्रथम बिन्दु अहिले नै विस्तार गर्ने योजना रहेको छैन् । काठमाडौं महानगरले प्रथम स्वास्थ्य बिन्दु उपलब्ध गराएमा त्यो विस्तार हुन सक्छ । तर, सेवा क्षेत्र भने ७७ वटै जिल्लाका सबै पालिकामा पुऱ्याउने योजनामा बोर्ड रहेको छ ।

**स्वास्थ्य बीमामा आवद्ध भएर पनि स्वास्थ्य संस्थाहरुमा दोहोरो लाइनमा बसेर झन्झटिलो ढंगले सेवा लिने अवस्था छ । यो समस्यालाई कसरी हर्नुभएको छ ?**

स्वास्थ्य संस्थाहरुमा आधारभूत एवं आवश्यक संरचना बनाउने उत्तरदायित्व सरकारको हो । डाक्टरको संख्या, साधनस्रोत र पूर्वाधारको आवश्यक व्यवस्था सरकारले गर्नुपर्छ । बीमा बोर्ड भनेको सेवा प्रदान गर्ने निकाय हो । हो केही अप्ठ्यारा देखिएका छन् । यसमा हामीले सम्बन्धित अस्पताल र नेपाल सरकारलाई सुझाव दिन सक्छौं । अस्पतालमा बील भुक्तानीको झन्झटिलोको विषयलाई सम्बोधन गर्नको लागि बोर्डले नयाँ सफ्टवेयर लागु गर्ने योजना अगाडि बढाएका छौं । जहाँ डाक्टरको उपचार, प्रेस्क्रिप्सनदेखि फार्मेसीको बिलसम्म एउटै फन्स्याटमा लागु हुन्छ ।

# बजारमा चार नयाँ उत्पादन ल्याउँदै हिताची




**काठमाडौं/मस –** होम अप्लाइन्सेसको आधिकारिक वितरक हिताचीले बजारमा विभिन्न नयाँ उत्पादनहरु ल्याउने भएको छ । शुक्रबार एक कार्यक्रम आयोजना गर्दै कम्पनीले अब छिट्टै नै फ्रिज, वासिङ मेसिन, माइक्रोवेभ ओभन र भ्याक्युम क्लिनर गरी विभिन्न ४ वटा नयाँ उत्पादन बजारमा ल्याउने घोषणा गरेको हो । उत्पादनहरूमा हिताची माइक्रोवेभ ओभनका ४ मोडल, हिताची फ्रन्ट लोड अटोमेटिक १२ केजी वासिङ मेसिन, हिताची फ्रेन्च बटम रेफ्रिजरेटर र हिताची कर्डलेस स्टिक भ्याक्युम क्लिनर समावेश छन् । कार्यक्रममा सहभागीहरूलाई उत्पादनको लक्ष्य, प्रयोगकर्ताको अनुभव र सुविधाहरूको दायरा बुझ्न मद्दत हुन्छ भनेर हिताचीका विभिन्न उत्पादनहरू जस्तै रेफ्रिजरेटर, वासिङ मेसिन र भ्याक्युम क्लिनरहरू पनि प्रदर्शनमा राखिएको थियो ।

हिताचीले नेपाली प्रयोगकर्ताहरूलाई विश्वव्यापी पाइने उत्कृष्ट उत्पादनहरू उपलब्ध गराउन नेपालमा आफ्नो सञ्चालनलाई थप मजबुत बनाउने योजना रहेको बताएको छ । ग्राहकको सन्तुष्टि आफ्नो उच्च प्राथमिकतामा रहेको जनाउँदै हिताचीले आफ्ना ग्राहकहरूलाई अझ राम्रो बिक्री सेवा र बिक्रीपछिको हेरचाह दिने प्रतिज्ञा गरेको छ । हरेक नेपाली घरपरिवार माझ नयाँ अविस्कारी प्रविधिहरू नजिक ल्याउने उद्देश्यका साथ हिताचीले विविधता र गुणस्तरयता सुनिश्चित गर्दै आगामी दिनहरूमा लागि पर्ने समेत जानकारी गराएको छ । उक्त कार्यक्रममा ए.एच.एस.जीका प्रबन्धक निर्देशक चेन टेक बेङ, व्यापार विकास विभाग (निर्यात व्यापार) का महाप्रबन्धक तरुण जैन र व्यापार विकास विभाग (निर्यात व्यवसाय) का वरिष्ठ प्रबन्धक एलविन थाम उपस्थित थिए ।

रमेश कर्पका कार्यकारी निर्देशक सञ्जय अग्रवाल भन्छन्, ‘हामी नेपालका हाम्रा सबै ग्राहकका लागि गुणस्तरीय उत्पादन लाइन अप र बिक्रीपछिको सेवा सुनिश्चित गर्न कडाइका साथ काम गर्नेछौं ।’ ‘रमेश कर्पसँगको हाम्रो व्यापार साझेदारीले हिताची होम अप्लाइन्सलाई नेपालका कुना कुनामा विस्तार गर्दै, उत्कृष्ट सुविधा र प्रविधिका साथमा प्रत्येक घरलाई समृद्ध बनाउनेछ भनेर हामी दृढ विश्वास गर्छौं,’ हिताचीका प्रबन्धक निर्देशक चेन टेक बेङले भने ।

**यस्ता छन् चार नयाँ उत्पादन**

**–हिताची फ्रन्ट लोड वाशिङ मेसिन बीडी–डी १२० एक्सजीभी**

यो नयाँ वाशिङ मेसिनले फ्रन्ट लोडिङ वासर ड्रायर इन्भर्टर विन्ड आइरन, एआई वास र अटो डोजिङ सिस्टम इन्भर्टरसहित १२ किलोग्राम धुने क्षमता र ८ केजी सुकाउने क्षमता प्रदान गर्दछ ।

**– हिताची कर्डलेस स्टिक भ्याक्युम क्लिनर**

यसले भुईंदेखि छतसम्मको कुनै पनि तहमा साना सफाइका लागि यो उत्कृष्ट छनोट हुनेछ ।

**– हिताची माइक्रोवेभ ओभन**

यो माइक्रोवेभ ओभनले धेरै फरक उपकरणहरूलाई एउटै मेसिनमा समावेश गरेको छ । यस उत्पादन लाइन अन्तर्गत ४ विभिन्न मोडेलहरू राखिएको कम्पनीले जनाएको छ ।

**– हिताची फ्रेन्च बटम रेफ्रिजेरेटर**

कम्पनीका अनुसार यो रेफ्रिजेरेटर नविनतम टेक्नो लोजी, ठण्डा कूल र विलासी, यो उत्पादन वातावरणीय रूपमा दिगो छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१–४२२६३६६, ०१–४२२८२९८, ई–मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**